# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १३ | अंक ४१ | आइतबार, १८ चैत २०८० | SOURYA NATIONAL DAILY | Sunday, 31 March 2024 | पृष्ठ : ८ | मूल्य रू. ५



यस भित्र

# पहिचानको मुद्दा र रास्वपाको सेरोफेरोमा सम्भाव्य परिणाम

इलाम उपनिर्वाचन



## मिलन लिम्बूको उम्मेदवारी घोषणा

■ सौर्य समाचार

काठमाडौं । माओवादी केन्द्रका धीरेन्द्र शर्माले एमालेसँगको गठबन्धनमा २०७४ सालको प्रदेशसभा निर्वाचनमा जित हात पारेका थिए । गत वर्ष भएको प्रदेशसभा निर्वाचनमा इलाम-१(क) मा नेकपा एकीकृत समाजवादीकी खिना लिम्बूले सफलता पाएकी थिइन् । यो त्यही निर्वाचन क्षेत्र हो, जहाँबाट प्रतिनिधिसभा निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनाल प्रतिनिधिसभा सदस्यमा एमालेका महेश बस्नेतसँग पराजित भएका थिए ।

एमाले सांसद सुवास नेम्बाङको निधन भएका कारण खाली रहेको इलाम-२ मा भने त्यतिबेला भएको प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेसका गोविन्द गिरि र एमालेका रामबहादुर मगर निर्वाचित भएका थिए । इलाम त्यही जिल्ला हो, जहाँ दुई पटक एमाले या कांग्रेससँगको गठबन्धनका कारण प्रदेशसभा सदस्यमा माओवादी या एकीकृत समाजवादीले जित हात पारे । योबाहेक २०४८ सालयता भएका ५ वटा प्रतिनिधिसभा तथा २ वटा संविधानसभा निर्वाचनमा कांग्रेस या एमालेबाहेक अन्य कुनै पनि दलले जित्न सकेका छैनन् । नेपालमा यो कीर्तिमान भएका ३ जिल्ला इलाम, ताप्लेजुङ र बाजुरा मात्र हुन् ।

**बाँकी पृष्ठ २**

काठमाडौं । वैशाख १५ मा हुने इलाम-२ को उपनिर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मिलन लिम्बूलाई उम्मेदवार घोषणा गरेको छ । शनिबार गृहमन्त्री एवं सभापति रवि लामिछानेसहित शीर्ष नेताहरू इलाम पुगेर लिम्बूलाई उम्मेदवार घोषणा गरेका हुन् ।

उम्मेदवार घोषणापछि सभापति लामिछानेले लिम्बूलाई घन्टी हस्तान्तरण गरी शुभकामना दिए । उम्मेदवारी घोषणा कार्यक्रमका लागि सभापति लामिछानेसहित उपसभापति स्वर्णिम वाग्ले, खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ, सांसद तोसिमा कार्की, सहमहामन्त्री कवीन्द्र बुर्लाकोटीलगायत नेता इलाम पुगेका थिए ।

मिलनको उम्मेदवारी घोषणासभामा उपप्रधान तथा गृहमन्त्री लामिछानेले आफूहरू काम गर्नका लागि सरकारमा सहभागी भएको भन्दै काम गर्न नसकेका दिन सरकारबाट आफैं बाहिरिने बताए । उनले भने, 'रास्वपा सरकारमा नगएको भए हुन्थ्यो भन्ने कुरा पनि आमनागरिकमा छ । तर हामी काम गरेर देखाउन सरकारमा गएका हौं ।'

**बाँकी पृष्ठ २**




मनाङको चामे-१ तिमाङ डाँफे लेकमुनि जंगलमा ढकमक्क फुलिरहेको गुराँस र सँगै चरिरहेका चौंरी । पृष्ठभूमिमा सेताम्मे डाँफे लेक । *तस्बिर : नविन लामिछाने*

■ त्रिशूलीमा ट्याक्सी दुर्घटना

## छोराको दाहसंस्कार गरेको केही घन्टामै परिवारसहित अस्ताइन् जूनकिरी

■ सौर्य समाचार

काठमाडौं । त्रिशूली नदीमा यात्रुवाहक ट्याक्सी खस्दा ५ जनाको मृत्यु भएको छ भने १ जना बेपत्ता भएका छन् ।

काठमाडौंबाट गोरखा जाँदै गरेको बा२ज ४१९६ नम्बरको ट्याक्सी चितवनको इच्छाकामना गाउँपालिका-५ सिमलधारास्थित पृथ्वी राजमार्ग सडकबाट त्रिशूलीमा खसेको थियो । जिल्ला प्रहरी कार्यालय चितवनले घटनामा परी चालकसहित ५ जनाको मृत्यु भएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक भावेश रिमालले ट्याक्सीमा चालकसहित ६ जना सवार रहेकामा ५ जनाको मृत्यु भएको र १ जना बेपत्ता रहेको जानकारी दिए ।

मृत्यु हुनेमा ट्याक्सी चालक गोरखा नगरपालिका-७ का ३५ वर्षीय अर्जुन शिर्मल, गोरखा नगरपालिका-४ की ४१ वर्षीया हरिमाया रोकाया र उनका छोरा ९



वर्षीय आगमन रोकाया, वडा-७ की ७० वर्षीया जुनकिरी रोकाया र २८ वर्षीया अन्जना रोकाया छन् ।

सोही वडाका १८ वर्षीय दिवस रोकाय बेपत्ता छन् । उनको खोजीका लागि दुर्घटनास्थलमा टोली खटिइरहेको रिमालले जानकारी दिए । प्रहरीका अनुसार मृतक सबै जना एउटै परिवारका हुन् । आफन्तको काठमाडौंमा मृत्यु भएपछि पशुपति आर्यघाटमा अन्तिम संस्कार गरेर घर फर्किने क्रममा उनीहरू दुर्घटनामा परेका हुन् ।

**बाँकी पृष्ठ २**

## नागरिकता बेच्ने २ जना कारागार चलान

■ सौर्य समाचार

काठमाडौं । जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकबाट विदेशी नागरिकलाई नागरिकता बिक्री गरेको अभियोगमा हिरासतमा रहेका २ अधिकृतसहित थप १ जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि कारागार पठाउने आदेश गरेको छ । अदालतले सोही प्रकरणमा संलग्न अर्का १ जनालाई पक्राउ पुर्जी जारीको आदेश दिएको छ ।

जिल्ला अदालत धुलिखेलमा शुक्रबार भएको थुनछेक बहसका क्रममा न्यायाधीश शिवकुमार पोखरेलको इजलासले नागरिकता बिक्री अभियोगमा पक्राउ परेका अधिकृतद्वय झपेन्द्रराज खरेल र रामचन्द्र अर्यालसहित नागरिकता खरिद गर्ने काठमाडौं महानगरपालिका-४ का ४० वर्षीय राजु गुरुङलाई थुनामा पठाउने आदेश दिएको जिल्ला अदालतका स्रेस्तेदार कर्णबहादुर राईले जानकारी दिए ।

राईका अनुसार राजुका बाबु हरिभक्त गुरुङलाई पक्राउ पुर्जीको आदेश भएको हो । 'खरेल तत्कालीन समयमा जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा अधिकृत थिए भने अर्याल सुब्बा थिए,' उनले भने ।

**बाँकी पृष्ठ २**

## 'म थाकेको छैन, वाम एकता गरिछाड्छु'



■ सौर्य समाचार

काठमाडौं । नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफू अझै नथाकेको भन्दै वाम एकता गरिछाड्ने बताएका छन् । शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा प्रचण्डले सम्पूर्ण वामपन्थी र देशभक्तहरू एकठाउँमा उभिन आवश्यक रहेको र त्यो काम आफूले आफ्नै नेतृत्वमा गर्ने बताएका हुन् ।

उनले नयाँ र मौलिक तरिकाले नेपाली समाजवादी क्रान्ति अगाडि बढ्ने विश्वास व्यक्त गरे । 'माओवादी आन्दोलनलाई छिटोभन्दा छिटो एकठाउँमा केन्द्रित गर्ने र सम्पूर्ण राष्ट्रवादी शक्तिलाई पनि एकठाउँमा केन्द्रित गरेर नयाँ र मौलिक तवरले समाजवादी क्रान्ति अगाडि बढाइन्छ,' उनले भने, 'यो आत्मविश्वास अहिले पनि नेतृत्वलाई छ ।'

देश र जनतालाई केन्द्रमा राखेर आफू अगाडि बढेको स्पष्ट पार्दै उनले दायाँ कदम चाल्दा होस् या बायाँ कदम चाल्दा होस्, क्रान्ति, जनता र राष्ट्रप्रतिको निष्ठामा कमी आउन दिन नहुने बताए ।

सरकारमा रहँदा ८ हजार जनालाई राष्ट्रिय सहिद घोषणा गरेर उनीहरूको नाम राजपत्रमा प्रकाशित गरेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले त्यसलाई आफूले वर्गसंघर्षको निरन्तरता मानेको बताए । आफ्नो हिस्साको वर्गसंघर्ष आफूले अहिले पनि चलाइराखेको उल्लेख गर्दै उनले जनयुद्ध दिवसलाई राष्ट्रिय दिवस घोषणा गर्नु पनि वर्गसंघर्ष नै भएको बताए ।

सरकारको पछिल्लो समीकरण रणनीतिक भएको उल्लेख गर्दै प्रचण्डले भने, 'यो समीकरण रणनीतिक छ, दूरगामी र क्रान्तिकारी पनि छ । यसले मात्र सबै देशभक्तलाई एक ठाउँमा केन्द्रित गर्न सक्छ ।'

यस्तै, प्रधानमन्त्री प्रचण्डले २०७४ सालमा भएको चुनावअघि वामपन्थी दलहरू एक भएर चुनाव लड्न आफूले प्रस्ताव गरेको बताए । '२०७४ को चुनाव अगाडि देशभक्त र वामपन्थीहरू एक भएर चुनाव लडौं भन्ने प्रस्ताव मैले नै गरेको हो । झन्डै दुई तिहाइमा पुग्यौं पनि । तर दुर्भाग्य जसरी हामीले माओवादी पार्टीलाई एकीकृत राख्न सकेनौं, त्यसैगरी त्यो एकतालाई पनि बचाइराख्न सकेनौं ।'

तर, फेरि आफूहरू त्यही बाटोमा फर्किंदै गरेको उनले बताए । त्यसका लागि वातावरण बनाउन नेता कार्यकर्ताहरूले लाग्नुपर्ने उनको भनाइ थियो ।

**बाँकी पृष्ठ २**

## बाग्मतीमा एमालेको 'रिइन्ट्री'

■ थपलियालाई पुरानै मन्त्रालय



■ सौर्य समाचार

काठमाडौं । बाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्रिपरिषद् विस्तार गरेका छन् । शनिबार एमाले बाग्मती संसदीय दलका नेता जगन्नाथ थपलियालाई मन्त्री नियुक्त गरेका हुन् ।

नवनियुक्त मन्त्री थपलियाले शनिबार साँझ नै पद तथा गोपनीयताको शपथ लिएका छन् । मुख्यमन्त्री जम्कट्टेलको सिफारिसमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले थपलियालाई शपथ ग्रहण गराएका हुन् । थपलियाले आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

बाग्मती सरकारमा एमालेको यो दोस्रो पटकको सहभागिता हो । २०७९ को चुनावपछि बनेको केन्द्रको गठबन्धनअनुसार सरकार बनेका बेला एमाले बाग्मती सरकारमा सहभागी थियो । तर, केन्द्रमा एकाएक समीकरण फेरिएसँगै बाग्मतीमा पनि एमालेले समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएको थियो ।

यसअघि २०७९ पुस २६ गते पनि थपलिया सोही मन्त्रालयको जिम्मेवारीमा नियुक्त भएका थिए ।

२१ फागुनमा केन्द्रमा सत्ता गठबन्धनमा परिवर्तन भएसँगै बाग्मती सरकारबाट कांग्रेस बाहिरिएको थियो । कांग्रेसले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता छ ।

**बाँकी पृष्ठ २**

## पहिचानको मुद्दा...

२०६४ सालको माओवादीको चुनावी लहर होस् या गत वर्ष आएको रास्वपाको लहर, कुनैले पनि इलामलाई खासै असर पारेको थिएन । यसपटक भने अवस्था फेरिएको छ। इलामले करिब ३ दशकको हाराहारीमा सीमित नेताको साथ पाएको थियो । यसपटक ३५ वर्षमुनिका २ जना उम्मेदवार चर्चामा छन् । एमालेका सुहाङ नेम्बाङ तथा राष्ट्रिय स्वतन्त्र पार्टीका मिलन लिम्बू दुवै ३५ वर्षभन्दा कम उमेरका हुन् ।

लामो समयदेखि सुवास नेम्बाङ निर्वाचित हुँदै सो क्षेत्रमा यसपटक एमालेले सुहाङलाई उम्मेदवार बनाए पनि लिम्बू बाहुल्य क्षेत्रमा कांग्रेसको पकड विगतदेखि नै बलियो छ। यसमा चुलाचुली गाउँपालिका पनि हो । इलामका अन्य पालिकाको तुलनामा चुलाचुली कांग्रेसका लागि सहज मानिन्छ । सो पालिका लिम्बू बाहुल्य क्षेत्र पनि हो । २०७९ मा भएको स्थानीय निर्वाचनको वडाध्यक्षको मतपरिणामअनुसार कांग्रेसले एमालेले भन्दा ४०० मत बढी ल्याएको थियो । सोही वर्ष भएको प्रतिनिधिसभा निर्वाचनमा सो क्षेत्रमा एमालेले समानुपातिक मत कांग्रेसले भन्दा ४ हजार मत बढी ल्याएको थियो । प्रतिनिधिसभा निर्वाचनमा रास्वपाको समानुपातिक मत ४ हजार ६०० नाघेको थियो । यो आँकडाले सुरुको समयमा रास्वपामा आबद्ध हुनेहरू विगतमा कांग्रेस पृष्ठभूमिका भएको देखिन्छ । अहिले रास्वपाका उम्मेदवार भएका मिलन लिम्बू भने पूर्वमाओवादी हुन् ।

अहिले सुहाङको उम्मेदवारीसँगै एमालेमा आन्तरिक असन्तुष्टि बढेको जनाइएको छ। कांग्रेसले पनि अझै उम्मेदवार तय गर्न सकेको छैन। १५ वैशाखमा हुने यस निर्वाचनमा १७ महिनाअघि भन्दा केही फरक दृश्य देखिएको छ । १७ महिनाअघि कांग्रेस र माओवादीबीच गठबन्धन थियो भने अहिले गठबन्धन टुटेको छ। नेकपा एस एमालेको साथमा रहनेछ। माओवादीले एक्लै चुनाव लड्ने घोषणा गरे पनि अन्तिममा एमालेलाई साथ दिन सक्ने आकलन पनि गरिएको छ ।

यही १७ महिनाको बीचमा प्रदेशको नामकरण भएको छ। 'कोसी' नाममा असहमति जनाउनेहरू सबै राजनीतिक दलमा छन् । तसर्थ यो मुद्दा इलाम निर्वाचनको महत्वपूर्ण मुद्दा हुन सक्छ। रास्वपाका उम्मेदवार मिलनले पनि सो मुद्दा उठाउँदै आएका थिए । पहिचानवादीको मुद्दा उठाउँदै डेकेन्द्रसिंह थेगिमले पनि स्वतन्त्र उम्मेदवारीको घोषणा गरेका छन् । १७ महिनाअघि रास्वपाको चर्चा काठमाडौँ उपत्यकाबाहिर कमै थियो । अहिले देशव्यापी बनेको छ । गृहमन्त्री नै रास्वपाबाट भएका कारण विगतमा अन्य दलमा रहेका सत्ताको निकट हुन चाहनेहरूको मत रास्वपातर्फ मोडिन सक्ने सम्भावना पनि छ। दोस्रो पटक गृहमन्त्री भएपछि केही आलोचना भए पनि रास्वपा सभापति तथा गृहमन्त्री रवि लामिछानेले गरेका कामको सकारात्मक चर्चा नै बढी भइरहेको छ ।

रास्वपाले विगतको भन्दा बढी मत पाउने कुरा सहजै आकलन गर्न सकिन्छ। तर, त्यो मत जितका लागि पर्याप्त हुन्छ वा हुँदैन, यसै भन्न सकिँदैन। यदि रास्वपा विजयी नभए पनि विगतमा कुन दललाई गएको मत यसपटक रास्वपालाई जाने भन्ने कुरा प्रमुख हुनेछ। पहिचानवादीको विद्रोह कुन दलमा कति छ, अर्को चासोको विषय हो। इलाम-२ मा राई र लिम्बूको बराबरजसो बसोबास छ । विगतमा राईको प्रभाव रहेका पालिकामा एमालेको प्रभाव धेरै देखिएको थियो । माओवादीले उम्मेदवार तय गर्नुको मतलब स्थानीय तहमा माओवादी कायकर्ता एमालेप्रति सकारात्मक नभएको अर्थ पनि हुन सक्छ। त्यसो भएमा अन्त्यमा पार्टी नेतृत्वले एमाले उम्मेदवारलाई सघाउने निर्णय गरे पनि तल्लो तहमा कार्यान्वयन कति हुन्छ भन्ने अर्को आधार हो। इलामले कसलाई सांसद बनाएर पठाउँछ, त्यसका लागि भने १५ वैशाख कुर्नुको विकल्प छैन।

## मिलन लिम्बूको...

उनले रास्वपा सरकारमा सहभागी भइसकेपछि सुशासन र सेवा प्रवाहमा जनताले अपेक्षा गरेअनुरूप सुधार सुरु भइसकेको दाबी गरे । उनले विभिन्न समयमा भएका सबै भ्रष्टाचारका फाइलहरू क्रमशः खोलिँदै लैजाने बताउँदै भ्रष्टाचारीहरू कसैलाई पनि उम्कन नदिने बताए ।

'हामी सरकारमा आएको धेरै भएको छैन, तर हाम्रो सुरुआती कामबाटै केही न केही संकेत त पाइसक्नुभएको छ,' लामिछानेले भने, 'अब क्रमशः सबै भ्रष्टाचारका फाइल खोल्छौं, त्यसपछि हाम्रो काम देख्नुहुन्छ।' उनले आफ्नो पार्टीले सरकारमा रहँदा र प्रतिपक्षमा रहँदा समेत संसद्‌बाट जनताकै पक्षमा निरन्तर काम गरिरहेको उल्लेख गर्दै इलामबाट एक जना सांसद थपेर पठाइदिन जिल्लाबासीलाई आग्रह गरे ।

राजनीतिमा नआएको भए आफूले अहिले जति बद्नामी, चरित्रहत्या र गाली खानुनपर्ने बताउँदै उनले भने, 'बिहान उठ्यो सरापेको दृश्य हेर्‍यो, बिहान उठ्ने बित्तिकै विभिन्न आरोप लगाएका हेडलाइन पढ्न के आवश्यक थियो होला र ? गाउँठाउँ चोक बस्ती हिलोमैलो धुलो असिना पानी सहँदै हात जोड्दै हिँड्न आवश्यकता थियो होला र ? आफ्नो ठाउँमा केही गर्न सक्षम हाम्रा साथीहरूले केही न केहीका मान्छेको आलोचना सुनेर बस्नुपरेको छ । एउटा पुस्ताले त्याग नगरी मुलुक बन्दैन । हामी त्याग गर्न आएका हौं ।' उनले आफ्नो जति चरित्र हत्या गरे पनि, चाहे जेल कोचे पनि, चाहे जतिसुकै दुःख दिए पनि देशको संसद्‌मा योग्य मान्छे लिएर जाने प्रतिबद्धताका साथ इलाम आएको बताए । उनले भने, 'राजनीतिमा कति वर्ष बिताउने हो मलाई थाहा छैन, जेलमा कति वर्ष बिताउने थाहा छैन, अनुसन्धानको नाममा जेल पठाउलान् त्यसमा मतलब छैन। तर संसद्‌मा योग्य मान्छे लिएर जाने हो। जेल जाने मात्र हैन, जेल पठाउने आँटसमेत गरेर इलाम झरेका छौं ।'

## म थाकेको...

हामी जीवितै छौं अझै । एकचोटी हामी यो अनुभवसहित एकताबद्ध भएपछि हामी अजय हुन्छौं । हाम्रै पालामा समाजवादी क्रान्तिको विचारको पनि विकास हुन्छ ।' आफू अझै राजनीतिमा नथाकेको भन्दै प्रचण्डले भने, 'प्रचण्ड थाक्यो कि, स्खलित भयो कि भन्ने परेको हुन सक्छ। अन्तिम समयसम्म पनि मेरो क्रान्तिबाहेक केही पनि छैन । एकताको निम्ति सबैले आ-आफ्नो ठाउँबाट वातावरण बनाऔं।'

## छोराको दाहसंस्कार...

उपचारका क्रममा गोरखा-७ का ३९ वर्षीय शंकर रोकायाको मृत्यु भएपछि शुक्रबार उनको पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको थियो । दाहसंस्कारपछिको काजक्रिया घरमै गर्ने भनी भएको सल्लाहअनुसार विभिन्न ३ वटा गाडी खोजेर उनीहरू राति नै गोरखाका लागि हिँडेका थिए ।

सँगै हिँडेका २ वटा गाडी मुग्लिन पुगे, अर्को पुगेन । त्यहाँबाट सबै सँगै जाने सल्लाह भएर दुइटा गाडी केहीबेर कुरेर बसे । मुग्लिन नपुगेको ट्याक्सीमा शुक्रबार दाहसंस्कार गरिएका शंकरकी आमा, जेठी दिदी, बहिनी, बहिनीज्वाइँ, भान्जा र छोरा चढेका थिए । धेरैबेरमा पनि गाडी नआएपछि उनीहरूले चितवन प्रहरीलाई जानकारी दिए । प्रहरीले सोही ट्याक्सी त्रिशूली नदीमा खसेको जानकारी आएको बतायो । मुग्लिन पुगेर पर्खिनेमा काठमाडौंमा बिदाइ गरिएका शंकरकी श्रीमती ववितापनि थिइन् । ट्याक्सी दुर्घटनामा परेको जानकारी पाउनासाथ उनलाई अर्को बज्रपात पर्‍यो । पति वियोगमा रहेकी ववितालाई छोरासहित सिंगो परिवार गुमाउनुपर्दा कस्तो अनुभव हुन्छ, कसैको कल्पनाबाहिरको कुरा हो । जानकारी पाएपछि उनीहरू फर्किएर घटनास्थल पुगे । दुर्घटनामा परी बेपत्ता भएका १८ वर्षीय दिवस शंकरका छोरा हुन् भने जूनकिरी उनकी आमा, चालक शिर्मल बहिनीज्वाइँ, हरिमाया दिदी, अञ्जना बहिनी र आगमन भान्जा हुन् ।

## बाग्मतीमा एमालेको...

यस्तो अवस्थामा २ सांसद रहेको हाम्रो नेपाली पार्टी (हानेपा)ले पनि समर्थन फिर्ता लिएपछि जम्कट्टेललाई तनाव थपिएको थियो ।

तर, उनले हानेपाका संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्य मन्त्री बन्न राजी भएसँगै उनको सरकार जोगिने अवस्थामा पुगेको छ। बज्राचार्य संस्कृति, पर्यटन तथा सहकारी मन्त्री बनेका छन् । यद्यपि सरकारमा सहभागी भएको विषयमा हानेपामा तीव्र विवाद छ । पार्टीका अध्यक्ष अनन्तराज घिमिरेले हेटौंडामा पत्रकार सम्मेलन गर्दै मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने पार्टीको निर्णयविरुद्ध गएर मन्त्री बनेका बज्राचार्यलाई कारबाही गर्ने बताएका थिए । एमाले र माओवादीले आफ्नो सांसदलाई 'अपहरण' गरेर मन्त्री बनाएको उनको आरोप छ । सरकारलाई दिएको समर्थन फिर्ता लिएको घोषणा गर्दै मुख्यमन्त्री दाबी गरिरहेको पार्टीका सांसद मन्त्री बनेसँगै हानेपाको विवाद सतहमा आएको हो । अब खाली रहेका मन्त्रालयमा भने विश्वासको मत लिएपछि मन्त्री नियुक्त गर्ने माओवादीको तयारी छ । माओवादी बाग्मती प्रदेशका प्रमुख सचेतक रत्न ढकालले १९ चैतमा मुख्यमन्त्रीले विश्वासको मत लिएपछि थप मन्त्री नियुक्त गर्ने जानकारी दिए । नेपाली कांग्रेसले छाडेका ६ वटामध्ये ५ वटा मन्त्रालयमा एमालेको दाबी छ ।

## नागरिकता बेच्ने...

यसअघि गुरुङ बाबुछोरा हङकङ बस्दै आएका थिए । राजु गुरुङले अमेरिका जाने प्रयोजनका लागि काठमाडौंबाट लिएको सक्कली नागरिकताका साथै काभ्रेपलाञ्चोकबाट नागरिकता र राहदानी खरिद गरेको अनुसन्धानको क्रममा खुलेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकृत एवं प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार नागरिकता फाँटमा अनुसूची मिलाउने र भर्ने सुब्बा रामचन्द्र अर्याल थिए । सुन तस्करी प्रकरणमा पक्राउ परेका विदेशी नागरिकलाई नागरिकता दिएको अभियोगमा अधिकृतद्वय खरेल र अर्याल अनुसन्धानमा रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयले गृह मन्त्रालयद्वारा गठित छानबिन समितिले दिएको निर्देशनअनुसार विदेशीलाई नागरिकता दिएको अभियोगमा अनुसन्धान गरिरहँदा गुरुङलाई नागरिकता बिक्री गरेको फेला परेपछि २ अधिकृतलाई पक्राउ गरी अनुसन्धान सुरु गरेको जनाएको छ ।

प्रहरी नायब उपरीक्षक श्रेष्ठका अनुसार दुवै अधिकृतमाथि स्वदेशी र विदेशीलाई नागरिकता बिक्री गरेको अभियोग छ । प्रहरीले विदेशी नागरिक दावा छिरिङ भनिने निमा तामाङ भएको झुटो विवरण पेस गरी २०७४ पुस २० गते नागरिकता दिलाएको सहित ९ जनालाई नागरिकता बिक्री गरेको अभियोगमा अनुसन्धान जारी राखिएको उनले जानकारी दिए ।

छिरिङ ठूलो परिमाणमा सुन तस्करीमा संलग्न रहेपछि प्रहरीले गत साउन १४ गते पक्राउ गरी केन्द्रीय कारागारमा राखेको छ । अधिकृत खरेललाई यही चैत ३ गते सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाबाट र अर्याललाई गत फागुन २४ गते बाग्मती प्रदेशसभा सचिवालयबाट प्रहरीले पक्राउ गरेको थियो ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सुचना**

दोस्रो पटक प्रकाशित मिति २०८०।१२।१८

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८०।११।३० मा स्वीकृती प्राप्त भई साविक कम्पनी स्याण्डविच होम सोलुसन प्रा.लि.(प्रा. लि. नं.१४००६०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको शक्ति प्यानल इण्डष्ट्रिज प्रा.लि. अग्रेजीमा Shakti Panel Industries Pvt.ltd ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८०/१२/१८**

यस **मनासलु एजुकेशनल ईणिस्टच्यूट प्रा. लि.** को मिति २०८०/०८/२७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीमा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नुपने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरि साविक नाम परिवर्तन गरि **मनास्लु एजुकेशनल इन्ष्टिच्युट प्रा. लि. (Manaslu Educational Institute Pvt. Ltd.)** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत २०८०/११/२९ को निर्णय द्वारा स्वीकृति प्राप्त भइसकेकोले सोहि बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रद्वारा काठ लिलाम बिक्रीको सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०।१२।१८**

जनजागरण सामुदायिक वन उपभोक्ता समुहको वनबाट आ.व. २०७९/८० मा उत्पादन भई दमार चोक भन्ने स्थानमा घाटगद्धि गरि लट नं. १ कायम गरिएको साल गोलिया थान ८९ को ७२३.६५ क्यू.फि.काठ हाल जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई नियमानुसार सुचीकृत भएका स:मिल/भेनियर/प्लाईउड उद्योगले सौर्य राष्ट्रिय दैनिकमा यो दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जनजागरण सामुदायिक वन उपभोक्ता समुह**
**मध्यविन्दु नगरपालिका ११, कुसुण्डे, नवलपरासी (व.सु.पु.)**

**गोलन्जोर गाउँपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**ग्वालटार, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

**क्याटलग सपिङ्ग विधिबाट HARD TOP 4WD AMBULANCE खरिद गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८०।१२।१८)**

गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत ग्वालटार स्वास्थ्य चौकीका लागी आवश्यक Hard Top 4WD Ambulance (Unit:1) सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख (१) बमोजिम क्याटलग सपिङ्ग विधिवाट खरिद गर्नु पर्ने भएको हुँदा इजाजत प्राप्त उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताले यो सूचना प्रकाशित भएको मितिले ७ सात दिनभित्र फर्म/कम्पनी दर्ताको प्रमाण-पत्र, फर्म/कम्पनी दर्ता नवीकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण-पत्र, एजेन्सी दर्ता प्रमाण-पत्र , Authorization Letter/Manufacturing Authorization तथा आ.व. ०७९/८० को कर चुक्त प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि समेत समावेश गरी उत्पादनको आधिकारीक स्पेसिफिकेशन, गुणस्तर मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी गाउँ कार्यपालिकाको कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत स्पेसिफिकेशनको लागी गोलन्जोर गाउँपालिकाको Website:www.golanjormun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

| सि नं | सामानको नाम | संक्षिप्त विवरण | एकाई | आवश्यक परिमाण | कै. |
|---|---|---|---|---|---|
| 1 | Hard Top 4WD Ambulance | As per Technical Specification | Unit | 1 | |

**प्रमुख प्रशासकीय अधिकृत**

**Miklajung Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Madhumalla, Morang**
**Koshi Province, Nepal**

**Invitation for Bid**

**Second Notice : 18th Chaitra 2080 (31st March 2024)**

1. Miklajung Rural Municipality, Office of Rural Municipal Executive, Madhumalla Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of following goods.

| S. N. | Contract Identification Number and description of works | Bid Security Amount NRs | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method | Estimated Amount without VAT |
|---|---|---|---|---|---|---|
| 1 | 8/MRMM/GOODS/SQ/080/81 (Supply of Fabricated Steel Parts and Transportation upto Road head of Mugu Trail Bridge) | 42,000 | 1000 | 12:00 noon 15th April 2024 | SQ | 14,47,393.88 |

Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of **Miklajung Rural Municipality, Office of Rural Municipal Executive,** Madhumalla, Morang, during the office time.

**Chief Administrative Officer**

**परवानीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लिपनीमाल, बारा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशन मिति : (२०८०/१२/१८ गते)**

यस परवानीपुर गाउँपालिकाबाट जन सवाल दैनिक पत्रिकामा मिति २०८०/१०/०९ मा निम्न लिखित योजनाको कार्य गर्नको लागि विधुतिय बोलपत्र मार्फत सूचना प्रकाशित गर्दा ई-सबमिशन मार्फत रितपूर्वक दर्त्ता हुन आएका बोलपत्रहरु मध्ये तपसीलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याँकित तथा सारभुत रुपमा प्रभावग्राही देखिएको व्यहोरा बोलपत्र मूल्याँकन समितिबाट सिफारिश भई आएकोले उक्त बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) एवं ऐन को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारी को लागि यस ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र/ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम तथा ठेगाना | कबोल अंक रु. (मू. अ.कर र पिएस.बाहेक) |
|---|---|---|---|
| PRM/NCB/W/02/2080/81 | Pond Beautification Work | Baba Ganinath/ Gadhi mai Riya JV, Dharahari, Rautahat. | 1,23,22,659.63 |

**प्रमुख प्रशासकिय अधिकृत**

# कर्णाली प्रदेश योजना आयोगलाई मुगालीका गुनासै गुनासा



**नन्दबहादुर रोकाया**

मुगु । हिमाली जिल्ला मुगुबाट कर्णाली प्रदेश योजना आयोगलाई सरोकारवाला निकायले गुनासै गुनासाका चाङ लगाएका छन् । कर्णाली प्रदेश योजना आयोगले मुगु सदरमुकाम गमगढीमा आयोजना गरेको दोस्रो पञ्चबर्षिय योजना तर्जुमा जिल्ला स्तरीय गोष्ठिमा मुगुका सरोकारवाला निकाय, स्थानीय तहका जनप्रतिनिधिलगायत स्थानीयले गुनासै गुनासा गरेका हुन् ।

प्रथम पञ्चबर्षिय योजानामा मुगुका केही योजना समेटिए पनी ति योजना अधुरै छन् । प्रथम पञ्चबर्षिय योजानामा समेटिएको कर्णाली प्रदेशको प्रमुख पर्यटकिय स्थल राराको बिकास अझै गुरुयोजनामै सिमित छ । राराको बिकासका लागि कर्णाली प्रदेश सरकारले गुरुयोजना शिघ्र कार्यन्वयनमा जोडदिन आग्रह गरेका छन् ।

मुगुका केहि आयोजनाको हकमा प्रथम पञ्चबर्षियमा परेका यो बर्ष पनी योजना निरन्ततामा समेटिएका छन् । तर प्रथम पञ्चबर्षिय योजनादेखि समेटिएका आयोजना दोस्रो पञ्चबर्षिय योजना तर्जुमा हुदाँसम्म पनी अधिकांस योजन अलपत्र अबस्थामा छन् ।

छायाँनाथ रारा नगरपालिका भित्र पर्ने पिना बालै गमगढी सडक अहिले पनी अलप्रत्र छ । सडक निमार्णको नाममा केहि रकम खर्च गरेपनी सडक अलपत्र अबस्था हुदाँ सडक सडक जस्तो नभई गोरेटो बाटो जस्तै देखिन्छ ।

यस्तै रुगादेखि छायलसम्मको जडिबुटि लोकमार्ग कमाइखाने माध्यम जस्तै भएको छ । पटक पटक प्रदेशबाट आउने बजेटले ठेक्का मार्फत काम हुने गरेको भएपनी सडक गुणस्तरीय छैन । यी दुई सडक उदारण मात्र हुन मुगुमा बहुबर्षिय कार्यक्रम मार्फत सञ्चालनमा रहेका कर्णाली प्रदेशका आयोजना अधिकांस अलपत्र अबस्थामा रहेको भन्दै मुगुका नागरिले गुनासो गर्दै कर्णाली प्रदेश योजना आयोगलाई ध्यानकर्षण गराएका छन् । कर्णाली प्रदेशका पुर्व सांसद दान सिह परियारले कर्णालीको समृद्धिको लागि हाईड्रो लगायत जलबिद्युतमा लगानी गर्नुपर्ने बताए । रारा प्रदेशकै सम्भावना भएको पर्यटकिय स्थल भएकाले अन्य बिकास भन्दा राराको बिकासमा जोड् दिन उनले आग्रह गरेका छन् । उनले कर्णलीको गरीबी तथा बेरोजगारी समस्यालाई समधान गर्न सरकारको के योजना बनाएको छ भन्दै प्रश्न समेत गरेका छन् ।

जिल्ला समन्वय समितका प्रमुख मञ्जन बहादुर कार्कीले जिल्ला समन्वय समितिलाई योजनामा अनुगमनको जिम्मेवारी तोके पनि आफुहरुमा प्राविधिक ज्ञान नहुँने भएकाले प्रदेश सरकारले योजना अनुगनमनमा सहजताको लागि उपकरणसहित प्राविधक ब्यबस्थापन गर्नुपर्ने बताए ।

यसै बिच कर कार्यालय, लोकसेवा आयोग जस्ता महत्वपूर्ण कार्यालय जिल्ला बाहिर हुदाँ मुगुका नागरिकले सास्ती खेप्नु परेको गुनासो गर्दै समन्वय प्रमुख कार्कीले यस्ता कार्यालय मुगुका हुनुपर्ने माग गरेका छन् ।

जिल्लाका सरोकारवाला निकाय स्थानीय जनप्रनिधि सहभागी गोष्ठीमा ७ वटा समूह बनाई मुगु जिल्लाको बिकासका लागि टेवा पुग्ने योजनाहरु दोस्रो पंञ्चबर्षिय योजनामा समेटन आग्रह गरिएको छ ।

सुझाव संकलनका क्रममा मुगुका स्थानीयले मुगुको स्थानिय स्तरमा प्रयाप्त मात्रामा पाइने गाजा र अल्लोमा आधारित उद्योग सञ्चालन गरिनु पर्ने, सुरक्षित सडक संरचना बनाउन जोड दिनुपर्ने, कक्षा ८ सम्म मात्र छात्रवृत्ति दिइदै आएकोमा अब १२ कक्षासम्म सो व्यवस्था गर्नुपर्ने, बालकक्षादेखि ५ कक्षासम्म मात्र दिइने दिवा खाजा माध्यामिक तहसम्मका विद्यार्थीलाइ पनि दिनुपर्ने, कर्णाली राजमार्गलाई सुरक्षित राजमार्ग बनाउन पर्ने, झुगेला-माझ्चौर- रारा, रारा-तारापानी-दोमुख,रारा- चंखेली दुधदह र रारा- सातताल सडक निर्माण गर्नुपर्ने माग रारा आउन छोटो मार्ग बनाउन जुम्ला च्यारे-नेउरिगाड- मुगु मन्दु र सेरि - तारापानी सुरुङमार्ग बनाउन जोड दिनुपर्ने माग गरिएको छ ।

त्यस्तै चिनसंग नजिक सिमा जोडिएको मुगुको गमगढी नाग्चा लाग्न सडक छिटो निमार्ण, धार्मिक तथा पर्यटकिय सम्भावानाको लागि रारादेखि छायाँनाथ धामसम्म केवलकारको बिस्तार, रारामा बजिजम्प, प्यारागलाइडिको सुरुवात, डोल्फु तामाखानी उत्खनन् तथा अन्वेशण, सोरु तातोपानि पर्यटकिय प्रचारप्रसार र त्यहाँ भएको नुनखानीको अन्वेशणका लागि पहल, कपास खेतीको प्रवर्धन, मुग कर्णालीमा बृहत बिद्युत निमार्ण परियोजना बिस्तार, गमगढी रारा हुदै खत्याड जोडने सडकलाई प्रथामिकताका साथ निमार्णका लागि पहल लगायतका मुगु जिल्लाको स्वास्थ्य, शिक्षा, खानेपानि, भौतिक, पुर्वधार, पर्यटन, कृषिका क्षेत्रमा सम्भावाना भएका योजनाहरु दोस्रो पञ्चबर्षिय योजना तर्जुमा समेट आग्रह गर्दै कर्णाली प्रदेश योजना आयोग समक्ष मुगालीले सुझाव दिएका छन् ।

यता कर्णाली प्रदेश योजना आयोगका माननिय सदस्य जित बहादुर शाहाले मुगुका जति पनी योजना पेश भएका छन् । प्रथामिकतका आधारमा समेटि कार्यान्वयनमा जोड दिने प्रतिवद्धता गरेका छन् ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख, पुर्व कर्णाली प्रदेशसभा सदस्य, छायाँनाथ रारा नगरपालिकाका नगरप्रमुख, उपप्रमुख, सोरुगाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष प्रमुख जिल्ला अधिकारी लगायत जिल्लाका सरोकारवा निकायको उपस्थिति रहेको थियो ।

# काम गर्न सरकारमा आएका हौं, नसकेको दिन आफैं बाहिरिन्छौंः *लामिछाने*



**राम योङहाङ**

इलाम । उपप्रधान तथा गृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले काम गरेर देखाउनका लागि सरकारमा सहभागी भएको बताएका छन् ।

शनबिार इलाम चोकबजारमा इलाम-२ उपनिर्वाचनका लागि पार्टीका तर्फबाट औपचारिक उम्मेदवार घोषणा सभालाई सम्बोधन गर्दै लामिछानेले काम गर्न सकेको दिन आफैं बाहिरिने बताए । 'रास्वपा सरकारमा नगएको भए हुन्थ्यो भन्ने आम नागरिकमा छ, तर हामी काम गरेर देखाउनका लागि सरकारमा सहभागी भएका हौं, केही संकेत देखाइसकेका छौं,' लामिछानेले भने, 'यदि जनताको पक्षमा काम गर्न सकेनौं भने हामी आफैं सरकारबाट बाहिरिन्छौं, त्यसका लागि मिति खाली राखेर राजिनामा पत्र तयार गरसिकेका छौं, हामीलाई प्रधानमन्त्रीले बर्खास्त गरिरहन पर्दैन ।'

लामिछानेले रास्वपा सरकारमा सहभागी भइसेकपछि शुसासन र सेवा प्रवाहमा जनताले अपेक्षा गरेअनुरुप सुधारको काम सुरु भइसकेको दावी गरे । उनले विभिन्न समयमा भएका सबै काण्डहरुको फाइलहरु क्रमश खोलिँदै लैजाने बताउँदै भ्रष्टाचारीहरु कसैलाई पनि उम्कन नदिने बताए ।

'हामी सरकारमा आएको धेरै भएको छैन, तर हाम्रो सुरुवाती कामबाट नै केही न केही संकेत त पाइसक्नुभएको छ,' लामिछानेले भने, 'अब क्रमश सबै भ्रष्टाचारका फाइलहरु खोल्छौं, त्यसपछि हाम्रो काम देख्नुहुन्छ, तर अलिकति समय पर्खनुहोस् ।'

उनले आफ्नो पार्टीले सरकारमा रहँदा र प्रतपिक्षमा रहँदा समेत संसदबाट जनताकै पक्षमा निरन्तर काम गररिहेको उल्लेख गर्दै इलामबाट एक जना सांसद थपेर पठाइदिन जिल्लाबासीलाई आग्रह गरे । कार्यक्रममा युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ, उपसभापति एवम् प्रतिनिधिसधा सदस्यद्वय डा. स्वर्णिम वाग्ले, डा. तोसिमा कार्की, सहमहामन्त्री कविन्द्र बुर्लाकोटी, रमेश प्रसाईंले सम्बोधन गरेका थिए ।

**रास्वपाले घोषणा गऱ्यो मिलन लिम्बूलाई उम्मेदवार**

यसैबीच रास्वपाले इलाम-२ बाट मिलन लिम्बूलाई उपनिर्वाचनको औपचारिक उम्मेदवार घोषणा गरेको छ । पार्टी सभापति लामिछानेले घण्टी बजाए उम्मेदवार घोषणा गरेका हुन् । उम्मेदवार घोषणापछि लामिछानेले उम्मेदवार लिम्बूलाई घण्टी हस्तान्तरण गरी शुभकामना दिएका थिए । लिम्बू यसअघि पत्रकार थिए । पत्रकारिता छाडेर स्वतन्त्र उम्मेदवार घोषणा गरेका लिम्बूलाई रास्वपाले पार्टीमा भित्र्याएर उम्मेदवार बनाएको हो ।

इलाम-२ मा वैशाख १५ गते प्रतिनिधिसभाको उपनिर्वाचन हुँदैछ । यहाँ नेकपा एमालेले सुहाङ नेम्बाङलाई उम्मेदवार बनाएको छ । कांग्रेस, माओवादी, जसपा लगायत अन्य दलले भने उम्मेदवार चयन गर्न सकेको छैन ।

# विकास निर्माणमा सबै एकजुट हुनुपर्छ : *राष्ट्रपति*

**सौर्य समाचार**

दमौली । राष्ट्रपति रामचन्द्र पौडेलले विकास निर्माणमा सबै राजनीतिक दल एकजुट हुनुपर्नेमा जोड दिएका छन् । तनहुँको देवघाट गाउँपालिका-५ मा निर्माण हुने ज्येष्ठ नागरिक भवनको शनिबार शिलान्यास गर्दै राष्ट्रपति पौडेलले विकास निर्माणमा एकजुट हुन आफूले राजनीतिक दलका नेताहरुलाई भन्ने गरेको स्मरण गरे ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको १५ करोड रुपैयाँ लगानीमा निर्माण हुन लागेको १८ कोठे भवनको राष्ट्रपति पौडेलले शिलान्यास गरेका हुन् ।

तनहुँको गाइघाट क्षेत्रको विगतको अवस्थाबारे चित्रण गर्दै उनले पञ्चायतका कठिन दिनहरुमा आफूहरु त्यहाँ संगठन निर्माण गर्न जाँदा गरिबी र अभावले खानसमेत नपाइने अवस्था रहेको स्मरण गर्दै लोकतन्त्रपछि त्यस क्षेत्रले काँचुली फेरेको बताए । गाइघाटमाथिको एउटा वडामा मात्रै पनि करोडौंको सुन्तला फल्ने गरेको र त्यसलाई बजारसम्म पुऱ्याउन त्यहाँ पुलको आवश्यकता रहेको उनले बताए ।

राष्ट्रपति पौडेलले पवित्र तपोभूमि कालीगण्डकी र त्रिशूलीको संगम देवघाटमा ज्येष्ठ नागरिक भवन बनेपछि त्यो भवन पूर्वीय दर्शन र वेदान्त चिन्तनको छलफल गर्ने स्थल बन्ने धारणा व्यक्त गरे ।

राष्ट्रपति पौडेलले प्रतिगामीहरुको स्वर्ग अतितमा हुने र लोकतन्त्रवादी तथा समाजवादीहरूको स्वर्ग भविष्यतिर हुने समेत उल्लेख गरे । 'अहिले निराशा छ भनेर प्रतिगामीले हल्ला फैलाएका हुन्, प्रतिगामीहरुको स्वर्ग अतितमा हुन्छ, तर हामी लोकतन्त्रवादी र समाजवादीहरुको स्वर्ग भविष्यमा छ, हामी भविष्यलाई स्वर्ग बनाउँछौ,' उनले भने ।

उनले विदेश पलायन भएर यहाँ केही नभएको भनेर कुरा काट्नु पनि अनुचित भएको बताउँदै हाम्रो देश पृथ्वीमै स्वर्ग जस्तै छ, यसैलाई यही बसेर देश बनाउनुपर्छ, अब विदेश पलायन रोकिनु पर्ने बताए ।

# आत्मनिर्भर बन्दै खजुराका किसान

**सौर्य समाचार**

खजुरा । बाँकेका स्थानीय तहले 'प्रधानमन्त्री कृषि आधुनिकीकरण' कार्यक्रम अन्तर्गत तरकारी पकेट क्षेत्र सञ्चालन गरेको छ । उक्त कार्यक्रमबाट तरकारी खेती गरी किसान आत्मनिर्भर बन्न थालेका छन् । किसानहरु कृषि समूह बनाएर तरकारी पकेट क्षेत्रमा आबद्ध भएका छन् ।



उनीहरुले उत्पादन गरेका तरकारी तथा फलफूलले उचित मूल्यसहितको बजार भने नपाएको र ढुवानीको समस्या भएको गुनासो गरेका छन् । बाँकेको खजुरा गाउँपालिका-३ बि गाउँका कृषक राजकुमार गुरुङले तरकारी विक्री गर्न भाडाको सवारी साधन खोजेर नेपालगन्ज लैजानुपर्ने बाध्यता रहेको बताउ । 'तरकारी उत्पादन राम्रै गरेका छौं, आम्दानी ठिकै छ तर उत्पादन भएको तरकारी बजारसम्म लैजान ढुवानीको समस्या छ,' उनले भने, 'बल्लतल्ल ढुवानीको साधन जोहो गरेर तरकारी बजारमा पुऱ्यायो व्यापारीलाई कमिसन दिनुपर्छ ।'

नेपालगञ्जका ठूला तरकारी व्यापारीले भारतबाट तरकारी ल्याउँदा कृषक मर्कामा परेको उनले बताए । 'हामीले उत्पादन गरेका तरकारी अर्ग्यानिक हुन्छन्, सस्तो पनि हुन्छ,' कृषक गुरुङले भने, 'व्यापारीले भारतबाट ठूलो मात्रामा तरकारी ल्याउँदा हामीले उत्पादन गरेका तरकारीले भाउ पाउँदैन, थोक व्यापारीले लिन मान्दैनन् अनि बाध्यताले कमिसन दिनुपर्छ ।'

तरकारी बिक्री गरीदिन थोक व्यापारीलाई सयकडा आठ प्रतिशत सम्म कमिसन दिनुपर्ने बाध्यता रहेको कृषकको गुनासो छ । अर्का किसान पदमबहादुर रानाले पनि गुरुङकै जस्तो समस्या भोगेको बताए । विगत २७ वर्षदेखि कृषि पेसा गरेका रानाले कृषि फर्ममार्फत तरकारी, फलफूल तथा बेर्ना उत्पादन गर्दै आएका छन् ।

'तरकारी र फलफूलजन्य वस्तुको उत्पादन गर्छु, घरपरिवार सबै यही पेसामा छौं, आम्दानी राम्रै छ,' किसान रानाले भने, 'तर उत्पादित तरकारी बजारसम्म पुऱ्याउन समस्या छ, सवारी साधन छैन, भाडाको सवारी खोजेर कोहलपुर र नेपालगञ्जसम्म तरकारी पुऱ्याउनुपर्छ ।'

कृषि समूहलाइ अन्य संघसंस्थाले पनि प्राविधिक सहयोग गर्दै आएको छ । बाँके युनेस्को क्लबले पानी तान्ने ठूलो समरसेल मोटर र पाइप सहयोग गरेको रानाले बताए । खजुरा-३ बी गाउँको हरियाली कृषक समूहमा २२ जना किसान आबद्ध छन् । उनीहरुलाइ पालिकाले छ लाख रुपैयाँ अनुदान दिएको छ । समूहमा आबद्ध हरेक किसानले तीनदेखि पाँच बिघा क्षेत्रफलमा तरकारी खेती गर्दै आएका छन् ।

पालिकाका विभिन्न वडामा तरकारी पकेट क्षेत्र सञ्चालन गरी अनुदान दिइएको र अझै तीन वर्षसम्म सहयोग गर्ने पालिका अध्यक्ष डम्बरबहादुर विक 'तूफान'ले बताए । उनले भारतीय तरकारी आयात रोक्न सके खजुरा क्षेत्रले नेपालगञ्जलाइ आवश्यक तरकारीको माग पूरा गर्न सक्ने बताए ।

कृषि क्षेत्रको विकासका लागि पालिकाले विशेष रणनीतिअनुसार काम गर्दै आएको छ । अध्यक्ष विकले किसानलाई कृषि क्षेत्रमा आकर्षण गर्ने कार्यक्रम र योजनालाई प्राथमिकता दिएको बताए । खजुरा क्षेत्र तरकारी र कृषि उत्पादन पकेटका रुपमा विकास हुँदै गएको छ ।

# महिनावारी नबार्ने महिलालाई सम्मान

**टेकेन्द्र बोहरा**

बझाङ । खप्तडछान्ना गाँउपालिका-७ कि पुजा सिंह चौध वर्षकी भइन, सुरुसुरमा घरका सदस्यहरु वाहेक गाँउकामा कार्यक्रमको आयोजना हुँदा होस वा विद्यालयमा कुनै कार्यक्रमको आयोजना हुँदा वोल्न डराउने पुजा अहिले खुलेरै सबैसँग बोल्न सक्ने भएकी छिन् । 'सुरु सुरुमा वोल्न डर लाग्थ्यौ, अहिले लाग्दैन गरिमा परियोजनाले हामीलाई धेरै कुरा सिकाएको छ,' उनले भनिन्, 'छाउ (महिनावारी) हुँदा घरभन्दा टाढा बस्थ्यौं दहि, दुध, घिउ खाने गरेका थिएनौं, अहिले घरका मानिसले सबै खाने कुरा पनी दिने गरेका छन् ।'

पूजाले भनिन्, 'हामी विद्यालको छुट्टी भएपछी भएर बाटोमा हिड्दै गरेका थियौं हामिसंगै बाटोमा तीन जनाजती नौला मान्छे आएका थिए, बाटोमा सामान्य कुराकानी भयो पछी मेंरै गाँउका मेंरै उमेरका साथिहरुलाई एकै ठाँउमा भेला हुन भने हामी दस एघार जना जति एकै ठाँउमा भेला भयौ,' उनले भनिन, 'सबैले परिचय दियौ, सर म्यामले पनी आफ्नो परिचय दिए पछि थाहा भयो, सर म्याम त हाम्रो पालिकामा लागुभएको गरिमा परियोजनाबाट गाँउमा आउनु भएको रहेछ ।' उनले सुनाइन, 'सर म्यामले हामिलाई (छाउ) महिनावारी हुदाँ के के गर्ने यसलाई कसरी व्यवस्थित बनाउने र पोषणका लागि के के खाने, । 'हामी उहाँहरुको कुरा सुनेर चुपचाप बस्यौ, महिनावारी समन्धी धेरै कुराहरु सिक्यौ, पछी सर म्यामले हामिलाई तपाईहरु यही भित्रका मिलेर किशोरी क्लव गठन गर्नुपर्छ महिनावारीलाई व्यवस्थित वनाउन तपाई हामी मिलेर पहल गर्नुपर्छ भनेर आग्रह गर्नुभयो ।'

उनले आफू सो समूहमा लागेपछि गरेको कुरा सुनाइन, 'म किशोरी क्लवको अध्यक्ष भए, गरिमा परियोजनाका सर म्याम महिनाको एक दुईपटक गाँउमा आउनुहुन्छ गाँउमा आमा समुह सासु समुह र हामिलाई पनी व्यवस्थीत महिनावारी, पोषणका कुरा गर्नुहुन्छ, तालिम गोष्टीमा वोलाउनु हुन्छ, पहिला दुईचार मान्छेहरु भएको ठाँउमा खुलेर बोल्न सक्ने थिइन, तालिम गोष्टीमा सहभागी भएपछी मलाई मनमा लागेका कुरा बोल्न सक्ने भएको छु ।' उनले आफू क्लवको अध्यक्ष भएपछी गाँउलेकै पहलमा गाँउमा रहेका छाउगोठहरु भत्काएको सुनाइन् । गाँउका महिला महिनावारी भएको वेला सेनेटरीप्याड लगाउनुपर्छ दहि दुध खादा केही फरक पर्दैन भन्ने सिकाएको उनले बताइन् । अचेल उनको गाउँका महिलाहरु महिनावारी हुदा घरमा वस्छन्, सेनेटरी प्याड लगाउने गरेका छन, अहिले पहिलेको भन्दा धेरै फरक भएको उनको अनुभव छ । 'पहिला महिनावारी हुँदा स्कुलवाट भागेर आउथ्यौ, महिनावारी भएको छु भन्दा भन्दा पनी लाज लाग्थ्यो अचेल महिनावारी हुने वेलामा झोलामा प्याड बोक्छौ महिनावारी भएको छु भन्दा लाजै लाग्दैन गरिमा परियोजनाले हामीलाई धेरै कुराहरु सिकायो,' उनले भनिन् । उनी पहिला आफैलाई कमजोर सोच्ने गर्थिन, समाजमा अर्काको कुरा काट्नु समान्य थियो । गाँउका केहि लेखेपढेका शिक्षित व्यात्तिहरु पनी समाजको डरले वोल्न डराउथे । 'मेरो गाँउमा छाउ भएको वेला कतिले कुरा वुझेर वा वुझ पचाएर विभेद गरेका रहेछन्,' उनले सुनाइन, 'गरिमा परियोजनाले हाम्रो गाँउठाउका महिलाहरुको केही हदसम्म आँखा खोलिदिएको छ, उनले सुनाइन । गरिमा परियोजना लागू भएपछी विद्यालय जान र आफन्तलाई सम्झाउन पनि सहज भएको गुरैल किशोरी क्लवकी अध्यक्ष अनिता थापाले बताइन् । बझाङको खप्तडछान्ना गाँउपालिका-६ र ७ मा ग्रिन तारा नेपाल, ग्रामीण शिक्षा तथा वातावरण विकास केन्द्रले दुइवर्ष देखि समुदाए स्थरमा व्यवस्थित महिनवारी प्रजनन र महिलाको सम्पूर्ण विकासमा अबरोधको रुपमा रहेको कु-संस्कार हटाउन थालेपछि स्थानीय धामि, पुजारी र महिला जागरुक हुन थालेको गरिमा परियोजना फिल्ड व्यावस्थापक विक्रम जोशीले बताए ।

# जनजागृति माविको वार्षिकोत्सव सम्पन्न

**हृदय भुसाल**

अर्घाखाँची । भुमिकास्थान नगरपालिका-१० धन्चौरमा रहेको जनजागृती माध्यमिक बिद्यालयले बिबिध कार्यक्रमसहित ६५ औं बाार्षिक उत्सब मनाएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै भुमिकास्थान नगरपालिकाका नगरप्रमुख झबिलाल थापाले बिद्यालय सबैको साझा मन्दिर भएकाले बिद्यालयको बिकासका लागि सबैको साझा दायित्व रहने भन्दै विशेष गरी अभिभावकले नियमित अनुगमन गर्नुपर्ने बताए ।

सम्पुर्ण सरोकारवालाहरुले आफ्नो कर्तव्य र जिम्मेवारी गहन रुपमा बहन गर्नुपर्ने भन्दै नगरप्रमुख थापाले बिद्यार्थी, अभिभावक र शिक्षकले नै बिद्यालयका समस्या, गुनासो प्रति जिम्मेवार भइ अगाडी बढ्नु पर्ने बताए । कार्यक्रममा नगरउपप्रमुख बालकृष्ण बन्जाडेले शिक्षाको गुणस्तर बिकासका लागि शिक्षक अभिभावक बिद्यार्थीले विशेष ध्यान दिनुपर्ने बताए । सबै सरोकारवाला एक भएर अगाडी बढ्नु पर्ने बताए । कार्यक्रममा कार्यबाहक वाड अध्यक्ष जनकलाल गैरे, बिद्यालय ब्यबस्थापन समितिका पूर्व अध्यक्ष रेमलाल भट्टराई, बिद्यालयका पूर्व प्रधानध्यापक प्रेमलाल शर्मा, कृष्णप्रसाद जोसी, सम्पुर्ण बिद्यालयको तर्फबाट जनसेबा आधारभुत बिद्यालयका प्रधानध्यापक हुमबहादुर घर्ती, अक्षयकोष दाता एबं पूर्व बिद्यार्थी डाक्टर धर्म भट्टराई, अक्षयकोष दाता बिशाल पान्डे, अभिभाव पबित्रा अधिकारीलगायतले सुभकामना दिएका थिए ।

उत्सवको अबसरमा पूर्व शिक्षक, कर्मचारीलाई सम्मान, विभिन्न अतिरिक्त क्रियाकलाप र कक्षागत रुपमा उत्कृष्टता हासिल गर्ने बिद्यार्थीलाई पुरस्कृत गरिएको थियो ।

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# काठमाडौंको व्यापार व्यवसायमा मुर्दा शान्ति

फुटपाथमा बसेर सामान बेच्ने (फुटपाथे व्यवसायी)हरूलाई लखेट्ने काठमाडौं महानगरपालिकाको अभियान नयाँ होइन । आजभन्दा करिब चार दशक अघि सार्क सचिवालय स्थापनाको तयारी हुँदै गर्दा तत्कालिन काठमाडौं नगर पन्चायतले यो अभियान सुरु गरेको हो । तर फुटपाथ खाली गराउने अभियान नाममात्रको थियो । जनप्रतिनिधिहरूले नै आँखा चिम्लने गरेकोले यो अभियान सफल हुन सकेको थिएन । तर यस पटक भने काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह फुटपाथे व्यवसायी लखेट्ने अभियानमा धेरै हदसम्म सफल भएका छन् । उनी सफल हुनुका मुख्यगरी दुई वटा कारण छन् । पहिलो कारण हो – 'उनी कुनै दलमा आवद्ध नभएका कारण फुटपाथे व्यवसायीको पक्षमा उनी माथि कतैबाट दबाव आएन ।' दोस्रो कारण हो – 'सटर भाडामा लगाएर आयआर्जन गर्ने काठमाडौंका घरधनीहरूको साथ सहयोग लिन उनी सफल भए ।' फुटपाथे व्यवसायीलाई लखेट्न काठमाडौंका घरधनीहरू महानगर प्रहरी सँगै लाठी लिएर सडकमा उत्रेको देखियो । कोरानाको महामारीका कारण उत्पन्न आर्थिक मन्दीले राजधानी काठमाडौंको व्यापार व्यवसाय लयमा आउन नसकिरहेको अवस्थामा मेयर शाहले फुटपाथे ब्यापारी धपाउन काठमाडौंका रैथानेहरूको साथ पाए । किनकी फुटपाथे व्ब्यापारीलाई धपाउँदा आफ्नो पसलमा ग्राहक थपिने, आफ्ना सटरहरू बढी भाडामा जाने विश्वास रैथानेहरूलाई थियो । महानगरपालिकाले यही विश्वास दिलाएको थियो । फुटपाथे ब्यापारीहरू विस्थापित भएपछि सटरको ब्यापार के कति चम्कियो ? सटरहरूको भाडा के कति वृद्धि भयो ? भन्ने आधिकारिक अध्ययन हुन बाँकी छ ।

करिब ८ हजार फुटपाथ व्यवसायीहरूलाई बिस्थापित गराइएको मोटामोटी अनुमान काठमाडौं महानगरपालिककाको छ । फुटपाथ ब्यवसायीहरूको संगठनले भने करिब १५ हजार व्यवसायी विस्थापित भइसकेको दाबी गरेको छ । यति धेरै फुटपाथ व्यवसायीहरू बिस्थापित हुँदा सटरमा गरिएका पसलमा ग्राहकहरूको भीड थेगिनसक्नु हुनु पर्ने थियो । सटरको भाडा बढेर घरधनीहरू मालामाल हुनु पर्ने थियो । तर साविकका सटरहरूमा समेत ग्राहक घटेको देखिएको छ । सटरमा पसल गर्नेहरू समेत व्यापार घटेको भन्दै स्वेच्छाले विस्थापित हुन थालेका छन् । काठमाडौंको शहरी क्षेत्रका करिव २५ प्रतिशत सटर खाली भएका छन् । सटरको भाडा आधा घटेको छ । त्यति मात्रै होइन घर भाडामा लाग्न छाडेको छ । पाँच वर्ष अघिको तुलनामा घर भाडा २५ प्रतिशत घटेको छ । नयाँ घर बनाउने क्रम करिव करिब ठप्प भएको छ । जग्गाको मुल्य पाँच वर्ष अघिको भन्दा १० देखि २० प्रतिशतसम्म घटेको व्यवसायीहरूले बताएका छन् ।

सरसर्ती हेर्दा ८ लाख जनसंख्या भएको काठमाडौं महानगरबाट १० हजार जना फुटपाथ व्यवसायी विस्थापित हुनु भनेको खासै ठूलो संख्या होइन । तर यी १० हजार व्यवसायी विस्थापित हुनु भनेको उनीहरूका परिवारका सदस्य सहित करिव ४० हजार विस्थापित हुनु हो । ४० हजार जनसंख्या विस्थापित हुँदा कम्तिमा एक सय वटा किराना पसलेहरू विस्थापित हुन पुग्छन् । यो १० हजार परिवारका २० हजार छोराछोरी भनेका कम्तिमा ४० वटा विद्यालय धान्ने विद्यार्थी हुन् । ४० वटा विद्यालयमा कम्तिमा ४ सय शिक्षकले रोजगारी पाएका थिए होलान । १० हजार परिवार विस्थापित हुँदा उनीहरू भाडा तिरेर बस्दै आएका कम्तिमा पनि ३० हजार कोठा खाली भए होलान । कोरोना सकिएर देशका अन्य सहर तंग्रिइसक्दा पनि राजधानी काठमाडौंमा आर्थिक मन्दी छाइरहनुको एउटा कारण फुटपाथ व्यवसायीको विस्थापन पनि हो आर्थिक मन्दीका बेला साविकको रोजगारीलाई संरक्षण गर्दै थप रोजगारी सिर्जनाका लागि पहल गर्नु कुनै पनि सरकारको मुख्य कर्तव्य हो । तर काठमाडौं महानगरपालिकाले साविकको रोजगारी पनि खोसिदियो । जसका कारण यतिबेला काठमाडौंको जनसंख्या ह्वात्तै घटेको छ । बजारमा मान्छे निकै पातलिएका छन् । उपत्यकाभित्र चल्ने सार्वजनिक बसहरूमा यात्रुको भीड देखिन छाडेको छ ।

# रवि लामिछानेलाई ओलीको धृतराष्ट्र आलिंगन



श्रीमननारायण

देशको राजनीतिमा सुधार ल्याउने, भ्रष्टचारको अन्त्य गर्ने, आर्थिक पारदर्शिता कायम गर्ने, सार्बजनिक जीवनलाई नैतिक मूल्य एंव मान्यतामा आधारित बनाउने र जनप्रतिनिधीहरुको जवाफदेहीलाई निर्धारण गरिने उदघोष सहीत पौने दुई वर्ष अघि नेपालको राजनीतिमा आएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवी लामीछाने, हाल नेपाल सरकारका उपप्रधान तथा गृहमन्त्री पनि छन् ।

पार्टी स्थापना भएको ६ महिना भित्रमै देशको चौथो ठुलो राजनीतिक दलको रुपमा स्थापित हुनु उनको पार्टीप्रति जनताको बढ्दो उत्साह र विश्वासको प्रबुटीकरण थियो । नेपाली जनता निकै सोझा हुन्छन् र चाँडै नै कसै माथि पनि विश्वास गरी तिनलाई आफ्नो आदर्श नेताको रुपमा स्वीकार गर्नमा कन्जुस्याइ गर्दैनन् । तर विगत एक वर्षमा रास्वपाले दुई-दुई पटक सरकारमा सामेल हुनलाई जनताले उनको पद प्रतिको आशक्तिको रुपमा लिएका छन् । पहिलो पटक उनी नेपालको गृहमन्त्री हुँदा पनि विवादमा परेका थिए । एकै साथ नेपाल र अमेरीका दुबै देशको नागरिक्ता र राहदानी बोकेका कारण उनले मन्त्रीको पद मात्रै छोड्नु परेन कि पार्टी नेतृत्वको पदपनि छोड्नु परेको थियो । एक महिनाअघि दोश्रो पटक उनी गृहमन्त्री हुँदा पनि विगतमा उनले सहकारीबाट अनुचित लाभ लिएको सम्बन्धि विषयले चर्चा पाएको छ ।

प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसका निम्ति सहकारीको विषय गतिलो राजनीतिक हतियार बन्न गएको छ । रबी लामीछानेका अतिप्रिय मित्र र नेपाली काँग्रेसका महामन्त्री एवं सांसद गगनकुमार थापाले नै यस विषयलाई संसदमा चर्को रुपमा उठाएका छन् । २०७९ सालको आम निर्वाचनमा त रवी लामीछानेले गगन थापाको क्षेत्रमा भोट माग्न पनि गएका थिएनन् न त गगन थापाले नै रवी लामीछानेको विरुद्धमा पार्टीको पक्षमा मत माग्न चितवन गएका थिए । त्यतिबेला यस विषयले निकै चर्चा पाएको थियो । सत्ताधारी गठबन्धनमा सामेल दुई प्रमुख एवं ठुला दलहरु नेकपा एमाले र नेकपा माओवादी केन्द्रले हाल रवी लामीछानेको पक्षमा खुलेर लागेको भए पनि यथार्थमा यो धृतराष्ट्र आलिंगन नै हो ।

रास्वपाको बढ्दो लोकप्रियताले कमोबेस देशका स्थापित राजनीतिक दलहरुको लोकप्रियतामा कमी ल्याएईदिएको छ । तर सहकारी प्रकरणले रवी लामीछानेको लोकप्रियतामा पनि कमी ल्याईदिएको छ । तत्काल उनी आफै सरकारमा नगएको भए राम्रो हुने थियो । नवोदित दलहरुले सरकारमा सामेल हुनुभन्दा पनि बाहिरबाट सरकारलाई समर्थन गरेको भए अपेक्षाकृत राम्रो पाईला चालिएको मानिन्थ्यो । पाँच वर्षसम्म प्रतिपक्षमा बसेर संसदीय व्यवस्थालाई बलियो बनाउने काम गरिएमा नयाँ दलहरुले जनतामा आफ्नो छविलाई राम्रो बनाउन सक्छन् । स्थापित राजनीतिक दलहरुको प्रभावलाई कमजोर बनाउन सक्छन्, तर नयाँ दलहरु पनि सत्तामुखी भएपछि जनता दुःखी हुनु स्वभाविकै हो । विगतमा नेपाली काँग्रेसले म्यानपावर व्यवसायी टेकबहादर गुरुङ्गलाई श्रम तथा रोजगारमन्त्री बनाउँदा त्यसको विरोध गर्ने लामिछाने, यसपटक स्वयंले पनि म्यानपावर व्यवसायी तथा रेमिटान्सको कारोवारीलाई नै श्रम तथा रोजगार मन्त्री बनाएका छन् ।

प्रमुख प्रतिपक्षीदल नेपाली काँग्रेसले सहकारी प्रकरणमा गृहमन्त्री लामिछानेमाथि छानविन हुनुपर्ने माग चर्को रुपमा उठाउँदै आएको छ । प्रतिनिधीसभाको बैठकमा नेपाली काँग्रेसका महामन्त्री र सांसद गगन थापाले यस विषयलाई चर्को रुपमा उठाए । उनले सहकारी प्रकरणमा लामिछाने नै मुछिएका कारण उनीमाथिको अनुसन्धान निश्पक्ष हुनुपर्छ, भन्दै प्रधानमन्त्रीसित गृहमन्त्री लामिछानेलाई पदमुक्त गर्न माग गरेका छन् । पोखराको सूर्यदशन सहकारीले १९ हजार बचतकर्ताको एक अर्ब ३५ करोड रुपैंया भन्दा बढी पैसा अपचलन गरेको ठहर महानगरको अध्ययनले देखाएको छ । यस सहकारी मार्फत नै रवी लामिछाने कार्यरत एउटा निजी टिभी च्यानललाई पैसा भुक्तान भएको भन्दै सोझै लामिछानेमाथि नै आरोप लगाइएको छ । गृहमन्त्री लामिछानेले आफुलाई स्वच्छ, निर्दोष बताउँदै सार्बजनिक बहसका लागी खुल्ला चुनौती दिएका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा एमालेका अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले गृहमन्त्री लामिछानेमाथि लागेको आरोपमा सत्यता नरहेको बताउँदै उनको बचाउ गरेका छन्, तर नेपाली काँग्रेस भने यसलाई आफ्नो प्रमुख राजनीतिक हतियार बनाएको छ । नेपाली काँग्रेसले लामिछानेलाई जानीजानी निसाना बनाएर सत्ताधारी गठबन्धनलाई कमजोर बनाउन चाहन्छ र प्रधानमन्त्री प्रचण्ड माथि अतिरिक्त दवाब सृजना गरी पूनः पुरानै समीकरणमा उनलाई फर्काउन बाध्य पार्ने नीति लिइको देखिन्छ । आफुले कुनै पनि बेला उथलपुथल गर्न सक्दछु भन्ने प्रधानमन्त्री प्रचण्डको हालैको एउटा टिप्पणीले वर्तमानको सत्ताधारी गठबन्धलाई अवश्य नै त्रसित बनाएको हुनुपर्छ ।

नेपाली काँग्रेसले नक्कली भुटानी शरणार्थी प्रकरण, बाँसवारी छाला जुत्ता प्रकरण, टेरामक्स, एनुसेल, सुनकाण्ड, आदिमा संलग्न कुनै पनि व्यक्तिले पनि उन्मुक्ति पाउनु हुँदैन भन्दै प्रधानमन्त्रीमाथि दबाब बनाउने प्रयास गरेको छ । प्रधानमन्त्री प्रचण्डको तेस्रो कार्यकालमा भ्रष्टचारको घटनामा संलग्न भएकाहरुमाथि कारवाहीको प्रकृया तीव्र पारिएको छ । नक्कली भुटानी शरणार्थी प्रकरण, बाँसवारी छाला जुत्ता प्रकरण, सुन तस्करी प्रकरण र अब टेरोमेक्स प्रकरण माथि छानविन तीव्र परिएको छ । दोषी पक्राउ परेका छन्, भुतपुर्व मन्त्री पनि पक्राउ परेका छन् । टेरामेक्स प्रकरणमा थप केही मन्त्री छानविनको परिधिमा आउनेछन् ।

> विगत एक वर्षमा रास्वपाले दुई-दुई पटक सरकारमा सामेल हुनलाई जनताले उनको पद प्रतिको आशक्तिको रुपमा लिएका छन् । पहिलो पटक उनी नेपालको गृहमन्त्री हुँदा पनि विवादमा परेका थिए । एकै साथ नेपाल र अमेरीका दुबै देशको नागरिक्ता र राहदानी बोकेका कारण उनले मन्त्रीको पद मात्रै छोड्नु परेन कि पार्टी नेतृत्वको पदपनि छोड्नु परेको थियो । एक महिनाअघि दोश्रो पटक उनी गृहमन्त्री हुँदा पनि विगतमा उनले सहकारीबाट अनुचित लाभ लिएको सम्बन्धि विषयले चर्चा पाएको छ

लामिछाने प्रबन्ध निर्देशक रहेको तत्कालिन गोरखा मिडियाले गैरकानूनी रुपमा ५० औं करोड रुपैया लिएको आरोप पनि काँग्रेसले लगाएको छ । सहकारी प्रकरणको छानविन प्रकृयाले पनि निरन्तरता पाउने निश्चित छ । प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचार सित सम्झौता गर्न नसकिने भनेपछि दोषीमाथि कारवाहीको क्रमलाई निरन्तरता दिने निश्चित छ । आफ्नै पार्टीको उपाध्यक्ष र साँसदलाई पनि हिरासतमा जानबाट उनले रोक्न चाहेनन् भने गठबन्धनमा सामेल दलका नेताप्रति सहानुभुति राख्ने सम्भावना देखिदैन ।

गत साता प्रतिनिधीसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा पनि नेपाली काग्रेसका सांसद दिलेन्द्रप्रसाद बडुले सहकारी ठगी प्रकरणको निश्पक्ष छानविन गर्न गृहमन्त्री लामिछानेले जिम्मेवारी छाडनु पर्ने तर्क दिएका थिए । पोखराको सूर्यदर्शन लगायत चितवन र रुपन्देहीका केही सहकारीको १० करोड रुपैंया रकम ग्यालेक्सी टिभी सन्चालनका लागि गोर्खा मिडिया नेटवर्कमा आएको भन्ने चर्चा छ । त्यसमा १ करोड रुपैया रवी लामिछानेका नाममा जम्मा भएको भन्ने आएको छ । तसर्थ छानविनलाई निश्पक्ष र विश्वसनिय बनाउन, छानवीन नसकिँदा सम्म गृहमन्त्री जिम्मेवारीबाट बाहिर आईदिनु हुनेछ भन्ने हाम्रो अपेक्षा रहेको आशयका अभिव्यक्ति नेपाली काग्रेसका सांसद बडूले दिएका हुन् ।

गृहमन्त्री लामिछानेले भने सहकारीमा आफ्नो नाम मात्र आएको छ, त्यस बाहेक आफ्नो कुनै संलग्नता नरहेको सफाई दिएका छन् । तर नेपाली काग्रेस भने यस मुद्दालाई आफ्नो हात्तबाट जान दिने पक्षमा रहेको देखिदैन । राष्ट्रिय स्वतन्त्र पार्टीको बढ्दो लोकप्रियताले युवा मतदाता र शहरी क्षेत्रका शिक्षित मतदाताहरुलाई पनि त्यतातिर आकर्षित गरिरहेको कारण रास्वपा माथि दोषारोपण गरी यसलाई कमै समयमा बदनाम गराउने अभियानमा तीनवटै ठुला दल लागेको देखिन्छ । लामिछाने पहिलो पटक गृहमन्त्री बन्दा उनको दोहोरो नागरिकताको विषयलाई प्रमुखताका साथ उठाईएको थियो र उनी मन्त्रीपदबाट राजीनामा दिन बाध्य पारिएका थिए । सहकारी प्रकरणमा पनि उनलाई अलोकप्रिय बनाउने काम भईरहने छ, तर यदि उनले सहकारीबाट पैसा लिएका रहेछन भने ढिलो चाँडो यो विषयले चर्चा पाउने निश्चित नै छ । अरुको गल्तिमा वकिल बन्नेले आफ्नो गल्तिका बेला न्यायधिस बन्नु दुर्भाग्यपुर्ण हो ।

लामिछाने राजनीतिमा आउदा आफुलाई अरु भन्दा पृथक देखाउन केही साना-तिना राम्रा काम पनि गरेका थिए, तर आफै विवादमा आए । यसपटक पनि प्रहरी-प्रशासनमा केही सुधार गर्न खोजेका थिए, तर आफै विवादमा आएका छन् । सहकारी प्रकरणका मुख्य दोषी जिबी राई विदेशमा पक्राउ गरिए पनि उनलाई नेपाल ल्याउन सकिएन । उनलाई इन्टरपोलको माध्यमबाट नेपाल ल्याइएको भए लामिछाने माथि प्रश्न उठ्ने थिएन, तर नेपाल र मलेसियाबीच सुपुर्दगी सन्धी नरहेका कारण संम्भव नभएको सरकारको तर्कलाई कतिपयले पत्याएका छैनन् ।

लामिछानेको सैद्धान्तिक अडान पनि प्रष्ट भएको छैन । बामपन्थीदलहरुसित नै घनिष्ठता बढी देखिन्छ । उनको आर्थिक नीति कस्तो रहने ? विचार धार के हो ? परराष्ट्र नीति के हो ? प्रष्ट छैन । भ्रष्टचारको अन्त्य गर्ने देशमा सुशासन कायम गर्न चाहने जो कोहिले पनि दोहोरो मापदण्ड लिएर राजनीति गर्नुं दुर्भाग्यपुर्ण हो ।

# मेयर बालेन शाहलाई एक नागरिकको पत्र



मानधोज मोक्तान

सर्वप्रथम बधाई एवं नमस्कार । तपाई काठमाण्डौमा मेयरको उम्मेद्वारी दिएर चुनाव लडदैं गर्दा कोटेश्वरको एस ओ.एस बुथमा म केशव स्थापित र स्थानीय मेरा आदरर्णीय मित्रहरुलाइ भोट हाली गर्वका साथ बाहिर निस्किदै थिएँ । त्यतिबेलै तपाईं मसँग हात मिलाएर त्यस बुथ भित्र पस्दै हुनुहुन्थ्यो । त्यही नै तपाईलाई देखेको पहिलो थियो । त्यस पछि त तपाई सामाजिक सञ्जालमा भाइरल भएर अन्तमा सबैलाई चकित पार्दै काठमाण्डौं महाानगरको मेयरमा विजय हुनुभयो । संसार नै चकित भयो ।

सँधै नेपालका ठूला राजनीतिक दलहरुले रजगज गरेको काठमाण्डौ महानगरको मेयरमा स्वतन्त्र उम्मेद्वार भएर तपाईको जीतले ती राजनीतिक दलका नेता कार्यकर्ता सबैका छातीमा आफ्नै अदुरदर्शिता र अर्कमण्यताको मुक्का गजब सँग बज्रन पुग्यो । अर्को तर्फ युवा पिँडीमा एक किसिमको उत्साह र उमंगको तरंग फैलाई दिनु भयो । जसको निम्ति म तपाईँलाई हार्दिकतापूर्वक धन्यवाद एवं बधाइ ज्ञापन गर्दछु । काठमाण्डौंको मेयरको हारमा कुनै पनि राजनीतिक पार्टीले आफ्नो हारको करण, आफ्नो मुल्यांकन गरेर सार्वजनिक गरेन ।

म स्वंय पनि केशव स्थापितलाई मेयरमा उम्मेद्वार बनाउने पार्टीको सदस्य र कार्यकर्ता थिएँ । स्थापितले सहजै जित्छन् भन्नेमा पार्टीको अन्धो कार्यकर्ता भएर सोचेको थिएँ । पार्टीनेतृत्व तहको सोच, दृष्टिकोण, कार्यक्रम तथा जनताको सामजिक स्तरको उत्थान गर्ने आर्थिक सुधारको कुनै कार्यक्रम र योजना केहि थिएन, छैन । तथापि स्थापितले विगतमा गरेको कामको प्रभाव म लगायत सबैमा थियो । त्यही विश्वासले म इटहरीबाट सिर्फ भोट हाल्नका लागि काठमाण्डौं आएको थिएँ । मेरो भोटर लिष्टमा नाम कोटेश्वरमा नै छ । भोटको परिणामले अवश्य खिन्न भएँ, तर तपाई एक यूवा इञ्जिनियर काठमाण्डौं महानगरमा केहि नयाँ कामहरु गर्ने अठोट र दृष्टिकोण लिएर उदय हुनु भएको प्रति आशावादी छु ।

म पनि एशिया, युरोप, अमेरिका जस्ता विकशित देशका सहरहरु हेर्न, देख्न र बुझ्न आफ्नै क्षमताले पुगेको हुनाले मनमा कल्पना उम्रेको थियो कि मेरो देशको राजधनी र सहरहरु पनि यस्तै सफा सुन्दर भई दिए हुन्थ्यो, हरियाली र ढकमक्क फुलहरु फुलेको होस् । मेरा देशका मन्त्री नेता र विभिन्न तहका कर्मचारीहरु विदेश भ्रणमा जान्छन, भत्ता पचाउँछन्, आउँछन् । चिया र कफि गफमा डिंग हाँक्छन् बस । कसैले आफ्नो ठाउँबाट नयाँ सोच र काम गरेको मैले थाहा पाएको छैन ।

यसरी समाजमा सबै राजनीतिक पार्टीहरुले सृजना गरेको असन्तुष्ट निराशा र कर्मचारी तन्त्रको भ्रष्टताले देश र समाज नै नैतिक मूल्य मान्यता विहिन हुँदै गई रहेको छ । यस्तो अवस्थामा तपाईंले काठमाण्डौंमा सुधार ल्याउने कममा काठमाण्डौंका सडकमा जताभावी पसल थाप्ने सडक पेटीमा शेड बनाएर भाडा लिने कुप्रवृति माथि आक्रमण गरी हटाउनु भयो । सडकको भीड हटाउनु भयो । त्यस पछि काठमाण्डौं महानगर देशको राजधनी भित्र हराएका खोला नदीको मुहान र निकाश पत्ता लगाउन डोजर लगाएर खन्न थाल्नु भयो । तर सर्वोच्चमा बनेको नियम र कानूनले रोक्यो ।

यहाँ नेर म ओशो रजनीशलाई सम्झन्छु किन भने उनी भन्छन् 'हर कुरामा शंका गर, प्रश्न गर ।' मेरो विचारमा त्यसको लागि अध्ययन मन पनि आवश्यक पर्ला । संस्कार र सभ्यताको कुरा गर्दा यूरोप अमेरिका अर्थात सभ्य समाज ग्रीकको सभ्यतावाट शुरु हुन्छ । हामी कुन संस्कार र सभ्यताको उपज हौं ? कस्तो मान्यता र संस्कारद्धारा प्रतिपादित नियम कानून चलयमान छन् ? हामीले कति जानेर बुझेर खुरुखुरु नियम कानुनको पालना गरेको छौं ? कि कानूनको आदेश मात्र पालना गरेका छौं ? नियम कानून आर्दशयूक्त सर्वस्वीकृत सर्वमान्य हुनुपर्छ । यसमा कसैको फरक मत हुने छैन ।

> म पनि एशिया, युरोप, अमेरिका जस्ता विकशित देशका सहरहरु हेर्न, देख्न र बुझ्न आफ्नै क्षमताले पुगेको हुनाले मनमा कल्पना उम्रेको थियो कि मेरो देशको राजधनी र सहरहरु पनि यस्तै सफा सुन्दर भई दिए हुन्थ्यो, हरियाली र ढकमक्क फुलहरु फुलेको होस् । मेरा देशका मन्त्री नेता र विभिन्न तहका कर्मचारीहरु विदेश भ्रणमा जान्छन, भत्ता पचाउँछन्, आउँछन् । चिया र कफि गफमा डिंग हाँक्छन् बस । कसैले आफ्नो ठाउँबाट नयाँ सोच र काम गरेको मैले थाहा पाएको छैन

एउटा वातावरणविदले यो भएन भन्नसाथै राष्ट्रिय गौरवको परियोजना कानूनले रोक्छ , छेक्छ । उदहरणको लागि निजगढको विमानस्थल । त्यसबाट देशलाई कति फाइदा हुन्छ भन्ने तर्फ पनि त कानून सम्मत सोच्नु पर्ला । त्यसबाट वातावरणमा पर्ने असर पनि हेर्नै पर्छ । विकास निर्माण र समृद्धि परियोजना जस्ता वृहत कार्यमा कानुन पनि परिमार्जित हुन आवश्यक छ । तर नेपालमा पहुँच पुग्यो भने पनि कानूनले छेक्छ । रोक मात्र लगाउन कानून हो र ? मेयर बालेनले काठमाण्डौंका नदी- नालाको मुहान र निकाश खोजेर त्यसको प्राकृतिक स्वरुपमा बग्न दिने प्रयास गर्दा किन कानूनले छेक्ने ? यस्ता कुराहरु खोज्ने बुझ्ने र पढ्ने जमात पनि नेपालमा जन्मिनु जरुरी छ । अनि पो समाज परिवर्तित र आर्दश बन्दै जान्छ । डाक्टर, इञ्जिनियर र मानवको काम अर्टिफिसियल इन्टिलेजेसले गर्ने समयले फड्को मार्दा समेत हामी तजबिजी कानूनको परिधि भित्र चक्कर लगाई रहेका छौं । हाम्रा दौरा सुरुवाल र टोपीद्धारा प्रतिपादित नियम कानूनको क्षितिजले पनि सम्पूर्ण आकास ढाकोस । जसरी ग्रीक सभ्यताले ढाकेको छ ।

काठमाण्डौंको सबैतिर सफाईमा तपाईको प्रशंसनीय पाइला चलेको छ। म काठमाण्डौं आउँदा सबैतिर चक्कर लगाउँछु । जतातत्तै सफा देख्दा आनन्दको अनुभूति हुन्छ । तर काठमाण्डौंको फोहर मैला व्यवस्थापनमा पुरानै ढाँचा निरन्तर छ । जस्तो शिसडोल या बञ्चरे डाँडामा काठमाण्डौंको फोहर लगेर थुपार्ने । काठमाण्डौंमा बल्झिरहने यो समस्या तपाईको कार्यकालमा हल हुनु पर्छ । काठमाण्डौंमा झण्डै १६/१७ सय टन प्रतिदिन फोहर उत्पादन होला यकिन तथ्य त नेपालमा कहाँ छ र ? मानौ दैनिक १६ सय टन भयो भने पनि ४५ प्रतिशतले जैविक फोहरको प्राङ्गारीक मल उत्पादन हुन सक्छ । यसो हो भने वर्षमा ३ सय दिन मात्र काम भए पनि २ लाख १६ हजार टन मल उत्पादन गर्न सकिन्छ । अन्य फाल्नै पर्ने फोहरबाट पनि ब्लक बनाउन सकिन्छ । सिंगापुरले ३६५ दिन नै विजुलिमा फोहर जलाई व्यवस्थापन गरि रहेको छ ।

हामी पनि यस्तै उपाय अवलम्बन गर्ने आट किन नगर्ने ? यस कामको लागि काठमाण्डौंमा काम गरी रहेका निजी कंपनीहरु पनि सक्षम छन् । यस तर्फ तपाईँको ध्यान केन्द्रित होस भन्ने मेरो अनुरोध छ । नत्र यही फोहरको राजनीतिले तपाईलाई किनारा लगाउने छ ।

अर्को एउटा अनुरोध छ कि तपाइँका वाणीमा तुच्छ शब्दहरुको प्रयोग नहोस । जस्तै एक पटक भन्नुभयो -'सिहदरवार जलाई दिन्छु ।' कामले नै जित्दै जानु होस । एक ताका संसारका चर्चित मेयरहरुमा न्यूयोर्क अमेरिकाका रुडी गिलानी र नेपालका केशब स्थापित हुनु हुन्थ्यो । आज तपाईको नाउँ सर्वत्र छ । यस कुराको गर्वले सबै नेपालीहरुका छाती फुलिएको छ । यो सुनाम कायम रहोस ।

चीन सरकारले बनाई दिएको कोटेश्वरको आकाशे पूलबाट कोटेश्वर चोक तर्फ र सातदोवाटो तर्फ जाने गाडीहरुको ताँती देख्दा मेरो देशको राजधानी काठमाण्डौं पनि विकशित देशको राजधनीहरु सँग दाँजिन खोज्दै छ भन्ने सुखानुभूति हुन्छ । काठमाण्डौलाई त्यो अवस्थामा पुऱ्याउनु भएको छ । यो खुशीको कुरा हो । अर्को खुशी लाग्यो, जब म मेरा आदरणीय मित्र नवराज पराजुली अर्थात कामपा. वडा नं. ३२ का वडा अध्यक्ष ज्यू लाई भेटेँ । कुरा गर्ने कममा उहाँ की आमाको मृत्यु संस्कारको तिथिमा ठूला साना सवै किसिमका विभिन्न राजनीतक दलका नेताहरु घरमा आउनु भयो तर उहाँहरु आउदा जादा कसैमा पनि उति चासो र उत्साह देखिएन, तर जब मेयरज्यू आउनु भयो तब केटाकेटी यूवा तन्नेरी बूढा बूढी सबैमा उत्साह र स्फूर्ति देखियो भन्नु भयो । यस कुराले तपाइँको कामको परिवेशको क्षितिज फैलिएको भान भयो । गर्व लाग्यो ।।

यहि खुशीको उद्गार र समाजमा, देशमा सकरात्मक परिवर्तनको आशाको किरण बोकेर हिडने एक कर्मठ मेयर काठमाण्डौंले भेटेको प्रति काठमाण्डौंलाई सफासुन्दर र मौलिक संस्कृति एवं सभ्यतामा देख्ने सपना बोक्ने एक नगरिकको हार्दिकताको यो पत्र तपाईलाई ।

**(ईटहरी, सुनसरी)**





सौर्य दैनिक मधेस






# अमलेखगन्ज र चुरे क्षेत्रको सडकमा पुनः खाल्टाखुल्टी



■ अखिलेशकुमार यादव

बारा । पूर्वपश्चिम राजमार्गको पथलैया हेटौडा सडक खण्डअन्तर्गत आधाभार, अमलेखगञ्ज र चुरे क्षेत्रको सडक पुनः खाल्टाखुल्टी भएका कारण सवारी साधनहरूको आवतजावतमा कठिनाई भएको छ । अधाभारदेखि उत्तर सडक कतिपय स्थानमा भासिएर अग्लो र होचो हुँदा मोटरसाइकल लगायत साना गाडीहरूको आवतजावतमा कठिनाइ भएको हो ।

ठूला सवारी साधनले ओभरटेक गर्ने र पेलेर जाने भएका कारण दुर्घटना हुने गरेको छ । यस्तै खाल्डा खुल्डीसडक भएकोले गर्दा सबै भन्दा बढी मोटरसाइकल चलाउन गाह्रो हुने गरेको केदारभक्त पौडेलले बताए ।

'सडक बिग्रेको छ, ठूला गाडीहरु स्पिडमा आउछन्, गाडी नियन्त्रण हुँदैन त्यसमा पनि मोटरसाइकल नियन्त्रण गर्न गाह्रो भएर दुर्घटना हुने गरेको कछ । यस सडकमा धेरै जसो मोटरसाइकल लगायतका साधन दुर्घटना हुने गरेको बिशाल सराफले बताए ।

डिभिजन प्रमुख इन्जिनियर यादवले निकुञ्ज क्षेत्रभित्र धेरै भार बोकेका गाडीहरु बिस्तारै हिड्दा सडकको पिच भासिने गरेको बताए । सडकको क्षमता भन्दा बढि भार बोकेका गाडिहरु बिस्तारै गुडदा सडक भासिएको उनले जनकाी दिए । निकुन्जले आफ्नो क्षेत्र भित्र सवारी साधनको गति सिमित गरेको छ ।

श्रोतको ब्यावस्थापन गरेर अब तत्काल सडक मर्मत गराउने डिभिजन प्रमुख यादवको भनाइ छ । मर्मत गर्दा पनी सधै जसो सडक भासिने गरेकोले यस्को कारण पत्ता लगाउनको लागि सिनियर इन्जिनियर पदम शाहिलाई विशेष जिम्मा दिएको र प्रतिबेदन आएपछी थप काम अगाडि बढाइने यादबको भनाइ छ ।

पथलैया अमलेखगञ्ज सडक खाल्डा खुल्डी बारा जिल्लामा एउटा उदाहरण मात्र हुन् । बारा जिल्लाको ग्रामिण भेगमा एक बर्षमै पिच गरेको बाटो ग्राभेल्मा परिणत हुने गरेको समेत छ । यस्तो हुँदा पनि राज्यले त्यहाँ काम गर्ने ठेकेदारलाई कारवाही गर्न नसक्दा राज्यको लगानी खेर गइरहेको भन्दै स्थानीयले गुनासो गरेका छन् ।

# एक नक्कली परीक्षार्थीसहित ११ जना कारबाहीमा



■ राजेन्द्र महतो

सिरहा । एसईई परीक्षामा जिल्लाको विभिन्न केन्द्रहरुबाट १ जना नक्कली परीक्षार्थीसहित ११ जना परीक्षार्थी कार्वाहीमा परेका छन् । प्रश्न पत्रको गोपनियता भंग गर्ने लगायत परीक्षाको मर्यादा विपरीत कार्य गर्ने ११ व्यक्तिहरुलाई तत्काल नियन्त्रणमा लिइ कारबाही गरेको हो ।

जिल्लाको मिर्चैया नगरपालिका-१ स्थित श्री शारदा माबि रामपुरबिर्ता परीक्षा केन्द्रमा नेपाली विषयको परीक्षा दिइरहेको जन सेवा माबि कर्जन्हाको (सिम्बोल नं ०१६०२०७३ भरहेका) परीक्षार्थी अभिषेक महराको प्रवेश पत्रको फोटो कपी लिई परीक्षा दिइरहेको नक्कली परीक्षार्थी सिरहा कर्जन्हा नगरपालिका-५ का १६ वर्षीय अर्जुन महरालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय मिर्चैया सिरहामा ल्याई थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

त्यस्तै, सिरहा बरियारपट्टी गाउँपालिका -५ स्थितमा रहेको श्री जनता माबि झिझौल कजरा परीक्षा केन्द्रमा बिकासकुमार रायलाई परीक्षा केन्द्र बाहिर बसी मोबाइलबाट प्रश्न पत्रको गोपनियता भंग गरी रहेको अवस्थामा प्रहरीचौकी जानकीनगरबाट सुरक्षार्थ खटिएका प्रहरी टोलिले नियन्त्रणमा लिई सिरहा जिल्ला अदालतबाट दिन ७ को म्याद लिई ईप्रका महेशपुरपतार सिरहाबाट थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

नेपाली विषयको परीक्षा शान्तिपूर्ण वातावरणमा सञ्चालन भइरहेको अवस्थामा सिरहाको विभिन्न परीक्षा केन्द्रहरुबाट परीक्षाको आचार संहिता एवं मर्यादा विपरीत कार्य गर्ने १ जान परीक्षार्थीलाई सुरक्षार्थ खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिनुका साथै जिल्ला प्रशासन कार्यालय सिरहाबाट खटिएको परीक्षा अनुगमन टोलीले विभिन्न परीक्षा केन्द्रका परीक्षार्थीको साथबाट १२१ (एक सय एक्काइस) थान मोबाइल नियन्त्रणमा लिएको छ । यस्तै अन्य २ जना परीक्षा निरीक्षक समेतलाई जिम्मेवारीबाट हटाई थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# मकैमा दाना नलागेपछि सर्लाहीका किसान चिन्तित

■ क्षितिज विश्वकर्मा

लालबन्दी । सर्लाहीका किसान उन्नत जातको मकैमा दाना नलागेपछि चिन्तित बनेका छन् । जिल्लाको परवानीपुर, बागमती, बरहथवालगायत स्थानमा सयौं किसानले लगाएको उन्नत जातको मकैमा दाना लागेको छैन ।

सरकारले स्वीकृती दिएको नेपालमा सूचिकृत भएका मकैमा समेत दाना नलागेपछि किसानहरु मर्कामा परेका हुन । मकैमा आकर्षक घोगा लागे पनि दाना भने नलागेको स्थानीय किसान चन्द्रबहादुर जिम्बाले गुनासो गरे । प्रति किलो ६५० रुपैयाँमा किनेर सात कट्ठामा लगाएको मकैमा दाना नलागेपछि लगानी डुबेको बागमती-४ का किसान राम विश्वास महतोले बताए । 'धेरै फल्ने आसमा महँगो मूल्यमा बीउ किनेर रोपियो', उनले भने, ' अहिले सबै लगानी डुब्यो ।'

परवानीपुर, बागमती र बरहथवाका किसानले लगाएको बिघौंबिघा क्षेत्रफलको हाइब्रिड मकैमा दाना नलागेको किसानको दाबी छ । यस क्षेत्रमा उत्पादन राम्रो हुने भएपछि किसानले वर्षको दुई यामसम्म उन्नत जातको मकै रोप्ने गरेका छन् । प्रशस्त फल्ने विश्वासमा ऋण गरेर रोपेको मकैमा दाना नलागेपछि आफू बर्बाद भएको अर्का किसान रञ्जित महतोले गुनासो गरे । उनले गत मसिंरमा तीन बिघा क्षेत्रफलमा उन्नत जातको मकै लगाएका थिए । उनले खेतमा लगाएको मकैमा घोगा ठूलो लागे पनि दाना लागेको छैन । महँगो बीउसँगै विशेष किसिमले मल खाद हालेर लगानी गरेको मकै नफलेपछि किसान चिन्तित भएका छन् । ब्यापारिले किसानलाई गुणस्तरहीन मकैको बीउ बिक्री गरेर ठगी गरेको बरहथवा-५ कि ललिता साहको आरोप छ । मकैमा दाना नलागे पछि आफूहरू सकंटमा परेको उनले गुनासो गरिन ।

उन्नत जातको मकै खेतीका लागि प्रतिकट्ठा पैंतिस सयसम्म खनजोत, मल खाद र कामदार खर्च लाग्ने गर्छ । जग्गा भाडामा लिएका किसानको लगानी अझ बढी छ । उत्पादन बिग्रिएका अधिकांश किसानले भारतीय बीउ उत्पादन कम्पनी नुजिभिडु सिड्सले उत्पादन गरेको 'विनर' नामको मकै लगाएको बताएका छन् । मसिंरको पहिलो साताअघि लगाइएको अन्य कम्पनीका हाइब्रिड जातको मकैमा समस्या देखिएको बागमती नगरपालिकाका कृषि प्राविधिक हिमाल साहीले बताए ।

बीउ उत्पादक कम्पनीले भने मौसम अनुकूल नभएका कारण मकैमा दाना नलागेको जनाएको छ । नुजिभिडु सिड्सका नेपाल प्रतिनिधि श्रीप्रसाद पालिखेलले किसानले समयअगावै मकै रोपेका कारण समस्या भएको दाबी गरे । मकैको परागसेचनको समयमा धेरै चिसो भएको उनको दाबी छ । मसिंर पहिलो सातादेखि रोप्नुपर्ने मकै कात्तिकतिरै रोपिएको उनको दाबी छ । दाना नलागेका किसानको विवरण सकंलन गरेर भारतस्थित कम्पनीमा जानकारी गराइएको उनले बताए । किसानलाई कसरी राहत पुऱ्याउन सकिन्छ भनेर आफूहरूले अनुगमन गरिरहेको उनको भनाई छ ।

नगरपालिकास्थित कृषि शाखाले क्षतिको विवरण सकंलन गरिरहेको छ । किसानलाई अनुदानमा वितरण गरेको मकै उत्पादन नभएको गुनासोपछि आफूहरूले विवरण सकंलन सुरु गरेको र एक दुई दिनभित्रमा पूर्ण विवरण सार्वजनिक गरिने नगर कृषि शाखा अधिकृत अवधेशकुमार झाले जानकारी दिए । अत्यधिक मकै उत्पादन हुने यस क्षेत्रमा नगरपालिकाले ' मकै क्षेत्र' विकासका लागि छ सय किलो विनर मकैको बीउ अनुदानमा वितरण गरेको थियो ।

जिल्लाको कर्मैया, ढुंगेखोला, शंखरपुर, राजघाट, हजरिया, मुर्तियालगायत स्थानमा हाइब्रिड मकै उत्पादन हुने गरेको छ । जिल्लामा बर्सेनि १२ हजार हेक्टर क्षेत्रफलमा मकै लगाउने गरिएको छ भने यहाँ ५ दशमलव ३ लाख मेट्रिक टन मकै उत्पादन हुने गरेको जिल्ला कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत देवानन्द यादवले बताए ।

# प्रजातन्त्र सेनानी मथुरा प्रसादको २७औं पुण्यतिथि मनाइयो




■ सौर्य समाचार

जनकपुरधाम । नेपालको लोकतान्त्रिक आन्दोलनका एक अविस्मरणीय योद्धा प्रजातन्त्र सेनानी मथुरा प्रसाद उपाध्यायको २७ औं पुण्यतिथि विभिन्न कार्यक्रम गरी मनाइएको छ । सो अवसरमा जनकपुरधामको श्री जानकी वृद्घाश्रममा नेपाली कांग्रेस जनकपुरधामउपमहानगरपालिका-११ ले फलफुलसहितको राहत समाग्री वितरण गरेको छ ।

वडाका सभापति संजयप्रसाद साहको अगुवाइमा पूर्वमन्त्री तथा प्रदेशसांसद राम सरोज यादव सहितको विशेष उपस्थितीमा वृद्घाश्रमकी आमाहरुलाई राहत समाग्री वितरण गर्दै वृद्घाश्रमको वृहत हित, संरक्षण र विकासका लागि छलफल गरिएको छ । सो अवसरमा पुर्वमन्त्री यादवले जनकपुरधामको २५ वटै वडाबाट प्रतिनिधित्व गर्ने यस्ता योद्घाहरुको स्मरणमा विभिन्न कार्यक्रम गर्न एक समिति नै बनाएर अगाडि बढनुपर्ने बताए ।

वृद्घाश्रमका अध्यक्ष तथा वडा नं. ९ का अध्यक्ष परमेश्वर साहले वृद्घाश्रमको अवस्था बारे प्रकाश पारेका थिए । सो अवसरमा प्रदेश सदस्य जिवनाथ चौधरी, जिल्ला उपसभापति गणेश झा, युवा नेता प्रवेश चौधरी, सुरेश कोइराला, प्रमिला दास, प्रेस युनियनका नेता शैलेन्द्र झा सहितको उपस्थिती थियो ।


त्यसै गरी जनकपुरधाम-११ स्थित मनकामना सिद्व हनुमान मन्दिरको प्रांगणमा आयोजित श्रद्धाञ्जली कार्यक्रममा वक्ताहरुले स्व. उपाध्यायले २०२८ सालदेखि २०३९ सालसम्म जनकपुरको नगरसभापतिको रुपमा पार्टीमा खेलेको भुमिका र त्यसबेलाको संगठन विस्तारको प्रशंसा गर्दै अहिले कांग्रेस भगवान भरोसे चल्ने गरेको बताए ।

जनकपुरधामका वर्तमान नगरसभापति तथा मेयर मनोजकुमार साहले जनप्रतिनिधी र कांग्रेसका वडा समिति बिच कुनै पनि समन्वय हुन नसक्दा संगठन सुस्त भएको बताए । एकआध वडा बाहेक कुनै पनि वडामा जनप्रतिनिधी र पार्टी बिच समन्वय हुन नसकेको उनले बताए ।

सो अवसरमा पार्टी धनुषाका उपसभापति गणेश झा, पुर्व नगरसभापति धिरेन्द्र मोहन झा, बस व्यवसायी संघका अध्यक्ष तथा नेता मनोज चौधरी, पेट्रोलिय डिर्लश एशोसिएसनका अध्यक्ष किशुनदेव साह, गौ संरक्षण मञ्चका अध्यक्ष जगदिश महासेठ, स्व. उपाध्यायका सुपुत्र नेता प्रफुल्ल राज घिमिरे सहितकाले स्व. उपाध्यायले उठान गर्ने गरेको समाजिक मुद्दाहरु र पार्टीको संगठनात्मक विस्तारका बाटो अबलम्वन गर्नुपर्नेमा जोड दिएका थिए ।

सो अवसरमा वक्ताहरुले स्व. उपाध्याय जस्ता पार्टी र समाजका लागि योगदान दिएका महान व्यक्तित्वको स्मरणमा गर्नुपर्ने यस्ता कार्यक्रमका लागि सबै वडा समिति सक्रिय हुनुपर्ने बताए । सो अवसरमा वडा सभापति संजयप्रसाद साहले विभिन्न व्यक्तित्वलाई सम्मान गरेका थिए ।

# देवर-भाउजूको जबर्जस्ती विवाह गराई गाउँ निकाला



■ सौर्य समाचार

राजविराज । सप्तरीको सुरुंगा नगरपालिकामा अनैतिक सम्बन्धको आशंकामा देवर र भाउजूको जबर्जस्ती गाउँलेले विवाह गराएर गाउँ निकाला गरिएको खुलेको छ । सुरुंगा नगरपालिका -७ हरिपुरका ती देवर भाउजूलाई अनैतिक सम्बन्धको आरोप लगाएर विवाह गरी पञ्चायती बसी गाउँ निकाला गरिएको हो ।

पूर्ववडाध्यक्ष धनिकलाल साहको नेतृत्वमा भएको पञ्चायतमा यस्तो निर्णय गर्दै दुबैजनालाई गाउँ निकाला गरिएको हो । वडाध्यक्ष साहले पञ्चायतीमै दुवैको विवाह गराएर गाउँ निकाला गर्ने निर्णय भएको स्वीकारेका छन् ।

घटना गत सोमबारको हो । देवर र भाउजूलाई एउटै कोठामा देखेपछि गाउँलेले रातभर बाँधेर राखेका थिए । दुई छोरा र नातिनातिना रहेका महिलाका पति र दुवै छोरा रोजगारीका लागि विदेशमा छन् । मंगलबार बिहान हरिपुरका पूर्ववडाध्यक्ष धनिकलाल साहसहित स्थानीयले गाउँमै पञ्चायती राखेर विवाह गराएर गाउँ निकालाको निर्णय गरेको थियो । सोही निर्णयअनुसार पञ्चायतीमै आरोपित पुरुषलाई भाउजू नाता पर्ने महिलाको सिउँदोमा सिन्दुर हाल्न लगाइएको थियो ।

पञ्चायती बसेकै वेला सिन्दुर हालिरहेको भिडियो अहिले सामाजिक सञ्जालमा छताछुल्ल छ । भाउजू नाता पर्नेसँग विवाह गराई गाउँ निकाला गरिएपछि आरोपित पुरुषका श्रीमती र दुई नाबालक सन्तान बिचल्लीमा परेका छन् । सप्तरीका प्रहरी प्रवक्ता डिएसपी ढुंडीराज न्यौपानेले घटनवारे बिहीबार मात्र थाहा पाएको बताए । अनैतिक सम्बन्धको आशंकामा गाउँलेले विवाह गराएर गाउँ निकाला गरेपछि दुबैजना सम्पर्कविहीन रहेको र घटना बारे अनुसन्धान गरिरहेको डिएसपी न्यौपानेले बताए ।

अनैतिक सम्बन्धको आशंकामा समाजबाट बहिष्कार गर्नु कानुनविपरीत रहेको दलित अधिकारकर्मी जीवन रामले बताए ।

# सर्लाहीमा एक पुरुषको शव फेला



■ सौर्य समाचार

लालबन्दी । सर्लाहीको बागमतिमा एक पुरुषको शव फेला परेको छ । बागमती नगरपालिका-१, कर्काली खोल्सीमा पुरुषको शव फेला परेको हो । ढोपबाट हिरेडाँडातर्फ जाने चुरेपाखाको गोरेटो बाटोबाट करिव ७ सय मिटर तल खोल्सामा सनाखत हुन नसकेको अन्दाजी ४० वर्षीय पुरुषको शव फेला परेका प्रहरीले जनाएको छ ।

शुक्रबार दिउँसो वनमा गएकाहरुले भिरको खोल्सामा सड्न थालिसकेको शव देखेपछि प्रहरीमा खबर गरेका थिए । मृतकको शव घटनास्थलबाट उठाएर शुक्रबार साँझै पोष्टमार्टमका लागि सदरमुकामस्थित प्रादेशिक अस्पताल मलंगवा पठाइएको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले जानकारी दिए । भिरको अप्ठ्यारो बाटोबाट लडेर ती पुरुषको मृत्यु भएको हुन सक्ने आशंका गरिए पनि पुष्टी भने हुन सकेको छैन् । मृतक तराई मुलको जस्तो देखिएका गिरिको भनाई छ ।

# बेइजिङमा छानियो ‘गाउँ आएको बाटो’




■ सौर्य समाचार

काठमाडौं । नवीन सुब्बा निर्देशित नेपाली चलचित्र ‘गाउँ आएको बाटो’ चीनको बेइजिङ अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा छानिएको छ । चीनको प्रतिष्ठित बेइजिङ अन्तर्राष्ट्रिय फेस्टिभलमा बेइजिङ पानोरमा विधामा छनोट हुँदा खुसी लागेको निर्माण पक्षले जनाएको छ । नेपालबाट बेइजिङ फिल्म फेस्टिभलमा छानिने यो पहिलो चलचित्र हो । निर्माता अमोद राईले महोत्सवमा नेपाली चलचित्र छानिएको सुन्दा खुसी लागेको बताए । उनले भने, ‘हाम्रो चलचित्र चीनको प्रतिष्ठित १४ औं बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा छानिएको खबर सुनाउँन पाउदा हामी उत्साहित छौं । दुई दशकको हङकङ-चीन समुदाय बसाइको क्रममा हाम्रो नेपाली फिल्म कथालाई चीन समुदायलाई देखाउने ठूलो सपना थियो । आज यो सपना पूरा भएको छ ।’ उनले बेइजिङ अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा छनोट भएको पहिलो नेपाली चलचित्र भएको सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् ।

अभिनेता दयाहाङ राई र अभिनेत्री पशुपति राईको प्रमुख भूमिका रहेको यो चलचित्रको प्रिमियर टोरन्टो फिल्म फेस्टिभलमा गरिएको थियो । अंग्रेजीमा ‘अ रोड टु भिलेज’ नाम राखिएको यो चलचित्र टोरेन्टोसहित बुसान, स्विडेनको गोटेबर्ग, भारतको मुम्बई फेस्टिभलमा प्रदर्शन भइसकेको छ । निर्देशक सुब्बासहित राईको लगानी रहेको यो चलचित्र नेपालमा आगामी जेठ १८ गतेदेखि देशव्यापी प्रदर्शनमा आउने तयारीमा छ । भोजपुर, सुनसरी र संखुवासभामा छायांकन गरिएको यो चलचित्रमा अभिनेता दयाहाङ र अभिनेत्री पशुपतिसँगै केशव राई, प्रसन राई, सुमित्रा राई, प्रेम सुब्बा, राज थापा लगायतका कलाकारको अभिनय छ । सुब्बा र महेश राईको पटकथा रहेको यचे चलचित्रले गाउँमा सडक आएपछि बाबुछोराको सम्बन्धमा आउने उतारचढावको कथा चित्रण गरेको छ । यो चलचित्र राई समुदायको सामाजिक जनजीवनमा आधारित रहेको निर्माण पक्षले जनाएको छ ।

# ‘१८२’ सार्वजनिक



■ सौर्य समाचार

काठमाडौं । नेपाली रक ब्याण्ड ‘झिल्के एन्ड द कम्पनी’ ले एल्बम ‘जवानीको जोश’ को गीत ‘१८२’ सार्वजनिक गरेको छ । यो भिडियो ‘झिल्के फायर इपी’ बाट ‘पंक्षीहरु’ सँग डेब्यु गरेपछि ब्यान्डको यो दोस्रो प्रस्तुति हो । गीतले नेपाली पारिवारिक जीवनको एक मार्मिक झलक देखाएको छ । भिडियोमा डिनर टेबलको वरपर साझा गरिएका अव्यक्त सपना र इच्छालाई प्रस्तुत गरिएको छ । ब्यान्डका गायक तथा गिटारवादक स्टिभ देवानले गीतले प्राकृतिक पृष्ठभूमिमा नेपाली जनजीवनलाई देखाउने प्रयास गरेको सुनाए । उनले भने, ‘पूर्वी नेपालले मेरो हृदयमा विशेष स्थान ओगटेको छ । त्यहीकारण हामीले यहाँको प्राकृतिक पृष्ठभूमिमा नेपाली पारिवारिक जीवनका कथाहरु चित्रण गर्ने उद्देश्य राखेका छौं ।’

सार्वजनिक गीतको भिडियोमा शान्तादेवी पौडेल, रुद्र ओली, अवान राना मगर र प्रसिद्धी ओली फिचर्ड छन् । भिडियोमा रिदम राईको डिओपी, आविस्कार जोशीको सहायक डिओपी, गौरव विस्टको कलर र सम्पादन तथा अभिषेक गिरीको प्रोडक्सन छ । गीत ब्रोकन एग स्टुडियोमा रेकर्ड गरिएको हो । गीतको भिडियो झापाको बिर्तामोड र अर्जुनधारा वरपरका चियाबगान र खेतबारीमा छायांकन गरिएको छ । भिडियो पोजिटिभ भाइब्स इन्टरटेनमेन्ट नेटवर्क (पिभिई नेटवर्क) ले निर्माण गरेको हो । गीतको भिडियो झिल्के एण्ड द कम्पनीबाट सार्वजनिक गरिएको हो ।

ब्यान्डका बास गिटारवादक विशाल ह्याङ राईले छायांकन प्रक्रियाप्रतिको आफ्नो लगाव र यी स्थानहरूमा पुनः भ्रमण गर्ने इच्छा व्यक्त गरे । ड्रमर डिप्सन केसीले अन्तिम नतिजाप्रति आफ्नो सन्तुष्टिलाई जोड दिँदै, गीतको मधुर र तीव्र क्षणलाई सन्तुलनमा राख्न भिडियोको लागि ठुलो चुनौती भएको स्वीकारे ।

# क्लासिकमा २९ महिला कलाकार



■ सौर्य समाचार

ललितपुर । कलाकारको सम्मान र प्रोत्साहन गर्ने लक्ष्यका साथ नेपाली महिला कलाकारको सामूहिक कला प्रदर्शनी सुरू भएको छ । चाकुपाटस्थित क्लासिक ग्यालरीमा ललितपुर महानगरपालिकाका उपमेयर मञ्जली शाक्यले उद्घाटन गरेको प्रदर्शनीमा २९ जना कलाकारका ४१ कलाकृति राखिएको छ । ‘

इनस्पायर इन्कुलुजन’ शीर्षकमा भइरहेको प्रदर्शनी वैशाख ८ गतेसम्म चल्नेछ । ग्यालरी सञ्चालिका सरिता डंगोलले क्लासिकले स्थापना कालदेखि नै कला र कलाकारको सिर्जनालाई सम्मान र प्रोत्साहन, कला बजारका लागि काम गरिरहेको बताइन् । उनले ग्यालरीले विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरका कला प्रदर्शनी, कार्यशाला तथा बहसजस्ता कार्यक्रम आयोजना गर्दै आएको सुनाइन् । डंगोलले महिला विकास र कलामा सशक्तिकरणका लागि ग्यालरीले निरन्तरताका रुपमा सामूहिक कला प्रदर्शनीको आयोजना गरेको बताइन्। उनले महिला कलाकारको सिर्जनामा थप उत्साह र प्रेरणा दिन ग्यालरीले दशौंपटक यो कार्यक्रम आयोजना गरेको जानकारी दिइन् ।

उनले भनिन्, ‘नेपाली कला इतिहासको सन्दर्भमा महिला कलाकारको चर्चा र संलग्नता न्यून देखिन्छ । वर्तमान समयसम्म आइपुग्दा महिला कलाकार समक्ष र सबल रुपमा कला क्षेत्रमा अगाडि बढिरहेका छन् । तथापि व्यस्त जीवनशैलीका कारण र आफ्नो लैंगिक जिम्मेवारीमा पनि बढी अल्झिनु पर्ने बाध्यताले महिला कलाकारहरु आफ्नो कलाकारितामा भिज्न सकेका छैनन् ।’

उनले पूर्ण समय र सहज वातावरण नहुँदा महिला कलाकार नयाँ विचार र अवधारणामा काम गर्न, कलामा प्रयोगात्मक शैलीहरु अपनाउन र निकै कठिनाइका साथ कला प्रदर्शनीमा भाग लिने गरेको सुनाइन् । यस प्रदर्शनीमा राजधानीबाहिरका महिला कलाकारले भाग लिएको जनाइन् । उनका अनुसार प्रदर्शनीमा चित्रकलाबाट १७ जना, प्रिन्टमेकिङबाट ७ जना, सेरामिकबाट ५ जना गरेर २९ जना कलाकारका कलाकृति राखिएको छ ।


प्रदर्शनीमा राखिएका कलाकृतिमा कलाकारले सामाजिक, सांस्कृतिक, राजनीतिक, पर्यावरणीय तथा जीवन र जगतका यथार्थ पक्षलाई उतारेका छन् । यस्तै, कलाकृतिमा कलाकारले आ-आफ्नो अनूभूति तथा समाजमा भइरहेका घटना तथा समसमायिक विषयलाई चित्रण गरेका छन् ।

# आइइसी रनवेमा सेलिब्रेटी

■ सौर्य समाचार

काठमाडौं । १३औँ संस्करणको ‘आइइसी डिजाइनर रनवे’ मा अभिनेत्रीदेखि चर्चित मोडेलले एउटै र्‍याम्पमा आफूलाई प्रस्तुत गरेका छन् । जोय कस्मेटिक नेपालको प्रस्तुतिमा राजधानीको होटल याक एण्ड यतिमा शुक्रबार आयोजित सोमा अभिनेत्री प्रियंका कार्की, नीति शाह, मिस नेपाल अस्मि श्रेष्ठ, मेलिना जोशी, प्रियंका रानी जोशी, मिस्टर नेपाल समर्पणजंग कार्की, मोडल सविता कार्की, जेड दीपिका गारेटलगायतका सेलिब्रेटी एउटै र्‍याम्पमा प्रस्तुत भएका थिए । भारत, रसिया, सर्बिया लगायतका १३ अन्तर्राष्ट्रिय मोडलको समेत सहभागिता रहेको सोमा नेपालका २६ मोडलले विभिन्न पहिरनका नयाँ र आकर्षक डिजाइन प्रस्तुत गरेका थिए । कोरियोग्राफर यतिन नरेन्द्र गान्धीसमेत प्रत्यक्ष सहभागिता रहेको सोको म्यानेजमेन्ट जिम्मेवारी नेक्स्ट मोडल्स नेपालले गरेको थियो । राम्रो र उत्कृष्ट फेसनको सो आयोजना भएको नेक्स्ट मोडल्स नेपालका सिइओ रवि धमलाले बताए ।

सोमा आइसी कलेजका २०२१ ब्याजका ७३ जना विद्यार्थीले डिजाइनरले तयार पारेका पहिरन १५ सिक्वेलमा मोडलले र्‍याम्पमा प्रस्तुत गरेका थिए । आयोजक आइसी



कलेजकी प्रबन्ध निर्देशक शैलजा अधिकारीले ‘आइइसी डिजाइनर रनवे’ को मुख्य उद्देश्य नेपाली फेसन डिजाइनरको प्रचारप्रसार गर्दै उनीहरूले डिजाइन गरेका नेपाली फेसनका आकर्षक डिजाइन अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउनु रहेको बताइन् ।

# घिसिङ र चौधरीको ‘बाचा’



■ सौर्य समाचार

काठमाडौं । संगीतकर्मी अजित घिसिङ तामाङले नयाँ युगल गीत ‘वाचा’ सार्वजनिक गरेका छन्। गीतमा गायक घिसिङलाई गायिका अनु चौधरीले स्वरमा साथ दिएकी छन् । गीतमा संगीतकर्मी घिसिङकै शब्द, संगीत तथा संगीत संयोजन छ । विभोर पोखरेलले तयार पारेको गीतको भिडियोलाई सुनिल बुढाथोकीले निर्देशन गरेका हुन् । विशाल थापाको छायांकन तथा नहकुल खड्काको सम्पादन रहेको भिडियोमा विजय कार्की तथा अनिमा विश्वकर्माले अभिनय छ ।

गायक घिसिङले यसअघि धेरैले धेरै माया, ताली, झ्वाइँ खट्ट (प्रमोद श्रेष्ठ र घिसिङ), पञ्चै बाजा, नाच्यो चरी (सेलो गीत), आँखा चिम्लि हेर (उषा पाख्रिन र अजित), सुटुक्कै (रचना रिमाल र अजित घिसिङ, शब्द रमेश अधिकारी) आदि गीतमा काम गरिसकेका छन् ।

# ‘नायक’ को सिक्वेल बन्ने




■ एजेन्सी

मुम्बई । बलिउड अभिनेता अनिल कपुरको मुख्य भूमिका रहेको बहुचर्चित चलचित्र ‘नायक’ को सिक्वेल बन्ने भएको छ । सन् २००१ मा प्रदर्शनमा आएको यो चलचित्रलाई दर्शकले निकै रूचाएका थिए । यही चलचित्रको सिक्वेल सिद्धार्थ र ममता आनन्दको ब्यानर माफ्लिक्स पिक्चर्सबाट बन्ने जनाइएको छ । भारतीय सञ्चार माध्यमका अनुसार ‘नायक २’ का लागि कलाकारको खोजी भइरहेको छ । ‘नायक’ लाई शंकरले निर्देशन गरेका थिए भने यसको सिक्वेललाई मिलन लूथरियाले निर्देशन गर्ने छन् । चलचित्रको कथा रजत अरोडाले लेखेका हुन् । यसअघि मिलनले ‘वान्स अपन अ टाइम इन मुम्बई, द डर्टी पिक्चर, ट्याक्सी नम्बर ९२११, कच्चे धागे’ लगायतका चलचित्र निर्देशन गरिसकेका छन् । यस चलचित्रमा अभिनेता अनिल हुने नहुनेबारे केही खुलाइएको छैन । चलचित्र सन् २०२४ को अन्तिमबाट छायांकनमा जाने तयारीमा रहेको भारतीय सञ्चार माध्यमले उल्लेख गरेका छन् ।

# स्क्रिन सेयर गर्दै बबी र आलिया

■ एजेन्सी

मुम्बई । बलिउड अभिनेता बबी देओल चलचित्र ‘स्पाइ युनिभर्सल’ मा अभिनेत्रीसँगै स्क्रीन सेयर गर्ने भएका छन् । यशराज प्रोडक्सनको आगामी यस चलचित्रमा खलनायकको भूमिका रहने छन् । ‘एनिमल’ मा काम गरेसँगै चर्चामा रहेका अभिनेता बबी यस चलचित्रमा खलपात्रको भूमिकामा देखिएका थिए। उनको यस रोललाई दर्शकले निकै रुचाएका थिए । एनिमलको सफलतासँगै पछिल्लो समय अभिनेता बबीलाई भिलेन चरित्रमा निकै अफर आउन थालेको छ । यो अनटाइटल चलचित्रमा बबीसहित अभिनेत्री आलिया र शर्वरी वाघको समेत महत्वपूर्ण भूमिका रहने छन् । यो चलचित्रमा पनि उनी आलिया र शर्वरीसँग भिड्दै छन् । अभिनेता बबीले चलचित्रसँग सम्बन्धित कागजी काम पूरा गरिसकेका छन्। निर्माण पक्षका अनुसार सन् २०२४ को मध्यतिर यो चलचित्रको छायांकन हुने छ ।यो चलचित्रमा बबी विशेष लुक्समा देखिने जनाइएको छ । यसअघि उनी कहिल्यै यस लुकमा देखिएका थिएनन् । चलचित्रमार्फत अभिनेत्री आलिया र अभिनेता बबीले पनि पहिलो पटक चलचित्रमा सँगै काम गर्न लागेका हुन् । गत वर्ष डिसेम्बरमा रिलिज भएको अभिनेत्री आलियाका श्रीमान रणवीर कपुर अभिनीत चलचित्र ‘एनिमल’ मा बबी खलनायकको भूमिकामा देखिएका थिए ।

योसहित दक्षिण भारतीय चर्चित अभिनेता सूर्याको आगामी चलचित्र ‘कंगुवा’ मा पनि बबी खलनायकको भूमिकामा काम गर्ने छन् । यो स्पाइ युनिभर्स चलचित्रलाई शिव रवैलले निर्देशन गर्ने छन् । उनले यसअघि यशराजका लागि ‘द रेलवे म्यान’ निर्देशन गरिसकेका छन् । शिव रवैल आदित्य चोपडाका सहायक निर्देशकसमेत रहेका छन् । यशराज प्रोडक्सनले अभिनेता सलमान खान अभिनीत चलचित्र ‘एक था टाइगर’ बाट स्पाइ युनिभर्सको सुरु गरेका थिए । त्यसबेलादेखि अहिलेसम्म यसमा ‘टाइगर जिन्दा है’, ‘वार’, ‘पठान’ र ‘टाइगर ३’ जस्ता चलचित्र समावेश छन् ।


## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/१२/१८ को सौर्य राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरूको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

### तपसिल

| क्र.स | कर्जा शिर्षक | ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना | | धितो लेखिदिएको सम्पत्तिको विवरण |
|---|---|---|---|---|
| १. | १.ओभरड्राफ्ट सुविधा<br>२.आवधिक कर्जा<br>३.सवारी साधन कर्जा | **ऋणीको नामः जनादेश निर्माण सेवा प्रा. लि.**<br>(नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको)<br>दर्ता नं.: १२०३७१/०७०/०७१<br>दर्ता मितिः २०७०/११/२२<br>स्थायी लेखा नं.: ६०१८५३५७५<br>ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ७, मझुवाइ चोक ।<br>**संचालक तथा व्यक्तिगत जमानतकर्ताहरू:**<br>**१. तुङ्ग लाल आचार्य**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>३५-०१-७१-०९१४१ (२०७१/०९/०६/ चितवन)<br>बाजेको नामः चन्द्रमणि आचार्य<br>बाबुको नामः हरिलाल आचार्य<br>ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ७ ।<br>**२. राम प्रसाद आचार्य**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>२२८३/०६१ (२०६१/१०/१८/चितवन)<br>बाजेको नामः हरिलाल आचार्य<br>बाबुको नामः तुङ्ग लाल आचार्य<br>ठेगानाः चितवन जिल्ला,खैरहनी न.पा. वडा नं. ३, स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ८ । | **व्यक्तिगत जमानतकर्ताहरुः**<br>**१. हरि कला आचार्य**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>८०९/६६० (२०४४/११/१९/म्याग्दी)<br>बाबुको नामः कृष्ण लाल सापकोटा<br>ससुराको नामः हरिलाल आचार्य<br>पतिको नामः तुङ्ग लाल आचार्य<br>ठेगानाः म्याग्दी जिल्ला, वरंजा गा.वि.स., वडा नं. ८ ।<br>**२. कृष्ण लाल आचार्य**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>२२८२/०६१<br>(२०६१/१०/१८/चितवन)<br>बाजेको नामः हरिलाल आचार्य<br>बाबुको नामः तुङ्ग लाल आचार्य<br>ठेगानाः चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा.वडा नं. ८ ।<br>**३. पुतली आचार्य**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>४२६० (२०४३/०९/२६/चितवन)<br>बाबुको नामः वल बहादुर तामाङ<br>ससुराको नामः हरिलाल आचार्य<br>पतिको नामः तुङ्ग लाल आचार्य<br>ठेगानाःचितवन जिल्ला, खैरहनी न.पा.,वडा नं. ३ । | १. चन्द्रमणि आचार्यको नाति, हरिलाल आचार्यको छोरा, चितवन जिल्ला,खैरहनी न.पा., वडा नं. ७ बस्ने **तुङ्ग लाल आचार्य**को नाममा मालपोत कार्यालय खैरहनी, चितवन जिल्लाको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरू:<br>(क) चितवन जिल्ला, कठार गा.वि.स./न.पा., वडा नं. १/क स्थित कि.नं. ६२५, ९५७, ७६२, ९८५ र ८७३ को क्षेत्रफल क्रमश ०-१०-०, ०-२-३, ०-७-०-० (बिघा) ,११२०.७३ (ब.मि.) र १६९३.१५ (ब.मि.) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।<br>(ख) चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा., वडा नं. ४/क स्थित कि.नं. २६१ र २६२ को क्षेत्रफल क्रमश ०-०-१५ र ०-०-१५ (बिघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।<br>(ग) चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा., वडा नं. ७ /घ स्थित कि.नं. २१६ को क्षेत्रफल १९७.५० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।<br>२. धनी एनएमबि बैंक लि.(साविक ओम डेभलपमेन्ट बैक लि.) /ऋणी **जनादेश निर्माण सेवा प्रा.ली.** को नाममा यातायात व्यवस्था कार्यालय नारायणी अञ्चलमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधन :<br>सवारीसाधनको विवरणः<br>कम्पनीः **MAHINDRA AND MAHINDRA**<br>मोडलः **MAHINDRA YUVO 575 DI**<br>सवारी दर्ता नं. - ना ७ त ४११<br>बनेको साल - २०१८<br>च्यासिस नं.: **MBNUFALYAJNE00296**<br>इन्जिन नं. - **NJE5GFE3868** |
| २ | ओभरड्राफ्ट सुविधा | **ऋणीको नामः लक्की मोटर पार्टस**<br>(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग जनकपुर, धनुषामा दर्ता रहेको)<br>दर्ता नं.: १४२०९/९६७/०७६/७७<br>दर्ता मितिः २०७६/०७/२५<br>स्थायी लेखा नं.: ६१२३९४६०३<br>ठेगानाः धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ६ ।<br>**प्रोप्राईटरः**<br>**सदाम खान**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>१७११०२/४९९४ (२०६७/१२/३०/धनुषा)<br>बाजेको नामः रिजवान खान<br>बाबुको नामः जाफर खान<br>ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. १४ । | **व्यक्तिगत जमानतकर्ताहरुः**<br>**१. जाफर खान**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>१७३१०२/९४ (२०६३/१०/०४/ धनुषा)<br>बाजेको नामः सरिफ खान<br>बाबुको नामः रिजवान खान<br>ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. १४ ।<br>**२. आरिफ खान**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान):<br>१७११०२/४९९३ (२०६७/१२/३०/ धनुषा)<br>बाजेको नामः रिजवान खान<br>बाबुको नामः जाफर खान<br>ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. १४ । | १. सरिफ खानको नाति, रिजवान खानको छोरा, धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. १४ बस्ने **जाफर खान**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, नकटाझिझ गा.वि.स./न.पा., वडा नं. ८/क स्थित कि.नं. १९१९ र १९२० को क्षेत्रफल क्रमश २२८.५८ र २२८.५८ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।<br>२. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत मालसामान तथा आय प्राप्तिको धितो सुरक्षण सम्बन्धी लिखत । |
| ३ | क्रेडिट कार्ड | **ऋणीको नामः सदाम खान**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान): १७११०२/४९९४ (२०६७/१२/३०/धनुषा)<br>बाजेको नामः रिजवान खान<br>बाबुको नामः जाफर खान<br>ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. १४ । | | |

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

सौर्य दैनिक आर्थिक



*अर्थमन्त्री वर्षमान पुनले अर्थ मन्त्रालयका सहसचिव धनिराम शर्माको नेतृत्वमा आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट लेखन समिति गठन गरेका छन् । राजस्व महाशाखा प्रमुख शर्माको नेतृत्वमा गठित समितिमा अन्य सहसचिवहरू रितेशकुमार शाक्य, महेश आचार्य, रामप्रसाद आचार्य, ईश्वरी अर्याल र पार्वती शर्मा सदस्य छन् । बजेट लेखन समितिमा रहेका सहसचिवहरूमध्ये पार्वती शर्माबाहेक अन्य अर्थ मन्त्रालयभित्रैका हुन् । शर्मा भने आन्तरिक राजस्व विभागकी उपमहानिर्देशक हुन् ।*

*नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र प्रसाद ढकालले निर्माण व्यवसायीहरूले सरकारबाट आफ्नो भुक्तानी चाडै पाउनुपर्ने बताएका छन् । हेटौडामा आयोजना गरिएको नेपाल निर्माण व्यवसायी महासंघको २५औं वार्सिकोत्सव कार्यक्रममा बोल्दै अध्यक्ष ढकालले निर्माण व्यवसायीहरूले सरकारबाट आफ्नो भुक्तानी चाडै पाउनुपर्ने बताएका हुन् । ढकालले निर्माण व्यवसायीहरूलाई बैंकहरू बाट सजिलैसँग ऋण प्रवाह हुनसक्ने संयन्त्र बनाउनु पर्नेमा पनि जोड दिए ।*



# लगानी सम्मेलनको तीव्र तयारीमा अर्थमन्त्री

## ४० देशका राजदूत र नियोग प्रमुखसँग भर्चुअल बैठक



■ सौर्य समाचार

काठमाडौं । अर्थमन्त्री वर्षमान पुनले विदेशस्थित ४० भन्दा धेरै देशका नेपाली राजदूत तथा कूटनीतिक नियोग प्रमुखहरूसँग भर्चुअल बैठक गरेका छन् । वैशाख १६ र १७ गते तय भएको लगानी सम्मेलनको तयारीस्वरुप मन्त्री पुनले राजदूतहरूसँग छलफल गरेका हुन् । बैठकका लागि मन्त्री पुन शुक्रबार साँझ अबेर परराष्ट्र मन्त्रालय गएका थिए । बैठकमा मुख्यसचिव बैठकुण्ठ अर्याल, परराष्ट्रसचिव सेवा लम्साल र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील भट्टलगायत सहभागी थिए । मन्त्री पुनले राजदूत र नियोग प्रमुखहरूलाई अबको एक महिना लगानी सम्मेलन केन्द्रित भएर काम गर्न प्रधानमन्त्रीका तर्फबाट निर्देशन दिए । 'लगानी सम्मेलन राष्ट्रको इज्जत, प्रतिष्ठा, गौरवको विषयसँग जोडिएको छ', पुनले भने, 'सम्माननीय प्रधानमन्त्रीज्यूकै तर्फबाट म यहाँहरूलाई आग्रह गर्छु, अबको एक महिना सबै काम छाडेर यसैमा लाग्नूस् ।'

मन्त्री पुनले विदेशी विकास साझेदार, ठूला लगानीकर्ता, सम्भावित लगानीकर्ता, कार्यक्रमका वक्ता र उच्च पदस्थ सरकारी व्यक्तित्वहरुलाई यसअघि नै निम्ता पठाइसकिएको स्मरण गर्दै सम्मेलनमा आउन निश्चित भएकाहरूको सूची तयार पारेर पठाउन आग्रह गरे । मन्त्री पुनले सरकार फेरिए पनि मुल नेतृत्व उही रहेको र एकाध मन्त्रीहरू मात्र फेरिएकाले लगानी सम्मेलन र लगानीसम्बन्धी नीतिमा कुनै फेरबदल नभएको विषयमा समेत अन्तर्राष्ट्रिय समुदायलाई आश्वस्त तुल्याउन प्रयास गर्नुपर्ने बताए । उनले गैरआवासीय नेपालीले आर्जन गरेका ज्ञान, सिप र प्रविधिलाई मातृभूमिमा प्रयोग गर्ने विषयलाई सरकारले प्राथमिकतामा राखेको जानकारी दिँदै उक्त समुदायमा यो सन्देश प्रवाह गर्न राजदूत र नियोग प्रमुखहरूलाई आग्रह गरे । भारत, चीन, कोरिया र खाडीसहित विभिन्न मुलुकमा भइरहेका पूर्वतयारीका कामलाई थप तीव्रता दिन मन्त्री पुनले निर्देशन दिए । बैठकमा बेलायत, अष्ट्रेलिया, जर्मनी, बंगलादेश, भारत, ओमान, दक्षिण कोरिया र मलेसियाका राजदूत तथा नियोग प्रमुख सहभागी थिए ।

### 'प्रकाशशरण महतले अघि बढाएका राम्रा काम रोक्दिनँ'

अर्थमन्त्री वर्षमान पुनले निवर्तमान अर्थमन्त्री डा. प्रकाशशरण महत छँदै तय भएका सकारात्मक कार्यक्रममा परिवर्तन नहुने बताएका छन् । विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंकाका देशीय निर्देशक फेरिस हदाद जर्भोससँग शुक्रबार मन्त्रालयमा भएको भेटमा मन्त्री फेरिँदैमा सरकारको नीतिमा तात्विक परिवर्तन नहुने बताए । महतले संसद्मा प्रस्तुत गरिएको आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका सिद्धान्त र प्राथमिकताको स्वामित्व लिएर आफूले त्यो सन्देश दिइसकेको पुनको भनाइ थियो । 'मन्त्री फेरिँदैमा नीतिमा धेरै परिवर्तन गर्नु हुँदैन । राज्यको नीतिमा स्थायित्व चाहिन्छ,' पुनले भने, 'कतिपय कोणबाट मलाई सिद्धान्त र प्राथमिकतामा हेरफेर गर्न सुझाव पनि आएको हो । तर, मैले त्यसो गर्नु उपयुक्त ठानिनँ ।' सिद्धान्त र प्राथमिकताबारे संघीय संसद्का दुवै सदनमा सांसदले हरेक प्रश्नको जवाफ दिएको र जस्ताको तस्तै पारित भएको स्मरण मन्त्री पुनले गरे । आगामी १६ र १७ वैशाखमा निर्धारण गरिएको तेस्रो लगानी सम्मेलन र असारमा काठमाडौंमा हुने विश्व बैंकअन्तर्गतको अन्तर ाष्ट्रिय विकास संघ (आईडीए) बैठक तोकिएकै समयमा हुने जानकारी पनि उनले दिए ।

आगामी सन् २०२६ भित्र नेपालले संयुक्त राष्ट्रसंघले आह्वान गरेको सहश्राब्दी विकास लक्ष्यअनुसार मध्यमस्तरको विकासशील राष्ट्रमा स्तरोन्नति हुने विश्वास उनले दिलाए । त्यसका लागि आवश्यक योजना, नीति तथा कार्यक्रम तय गर्नुका साथै कानुनी सुधार र लगानीका नयाँ ढोका खोल्न क्रियाशील रहेको मन्त्री पुनको भनाइ थियो । पुनले नेपालको आन्तरिक स्रोतले मात्र विकासमा फड्को मार्न नसकिने भएकाले आफूहरूको जोड सहुलियतपूर्ण कर्जामा रहेको स्पष्ट गरे । 'हाम्रो जोड कन्सिसनल स्रोतमै हो,' पुनले भने । फरक प्रसंगमा मन्त्री पुनले 'गेमचेन्जर' आयोजनाका रूपमा रहेको १ हजार २ सय मेगावाटको जलाशययुक्त बूढीगण्डकी जलविद्युत आयोजना आन्तरिक स्रोतबाटै निर्माण गर्ने तयारी अघि बढाएको जनाए । नेपालको विकास प्रयासमा विश्व बैंकले वितगदेखि नै सहायता गर्दै आएको र यो सहयोगले निरन्तरता पाउने देशीय निर्देशक जर्भोसले प्रतिबद्धता जनाए । माथिल्लो अरुण अर्धजलाशययुक्त जलविद्युत आयोजना र दूधकोशी जलाशययुक्त आयोजनामा विश्व बैंक र एसियाली विकास बैंकले लगानीको प्रतिबद्धता जनाएको भन्दै उनले छिट्टै वित्तीय व्यवस्थापन टुंग्याउने गरी काम अघि बढाउनुपर्नेमा जोड दिए ।

### लगानी सम्मेलनमा प्रदेशका आयोजनाको पनि स्टल राखिने

तेस्रो लगानी सम्मेलनमा प्रदेश स्तरीय योजनाहरू पनि 'शो केस' मा राखिने भएको छ । अर्थमन्त्री एवम् लगानी सम्मेलन निर्देशक समिति संयोजक वर्षमान पुनले प्रदेशका योजना पनि समावेश गरिने जानकारी दिए । पुनले बिहीबार साँझ निर्देशक समिति सचिवालयमा रहेका आधा दर्जन बढी मन्त्री र मुख्यमन्त्रीहरूसँग अन्तरक्रिया गरे । त्यस क्रममा उनले हाल तयारी अवस्थामा रहेका वा नयाँ योजना छनोट गरी लगानी सम्मेलनमा समावेश गर्न मुख्यमन्त्रीहरूलाई आग्रह गरे । त्यस क्रममा प्रदेश तहबाट हुने सहभागिता र सम्मेलनमा लगानीका लागि समावेश गर्न सकिने प्रादेशिक स्तरका आयोजनाहरूको तयारीबारे अन्तरक्रिया भएको थियो ।

छलफलमा कोशीका मुख्यमन्त्री केदार कार्की, मधेसका सरोज यादव र कर्णालीका राजकुमार शर्माले आफ्ना प्रदेशमा लगानीका लागि सम्भाव्य आयोजनाबारे जानकारी गराए । जलविद्युत्, सूचना प्रविधि, कृषि, पर्यटन, उद्योगलगायत क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न सकिने उनीहरूले बताए । निजी क्षेत्रका प्रतिनिधि संस्थाहरूले औंल्याएका विद्यमान् केही कानुनमा संशोधन तथा विदेशी लगानीकर्तालाई मुनाफा लैजान सकिने आधार तय गर्नुपर्ने सुझाव मुख्यमन्त्रीहरूको थियो । उनीहरूले प्रदेश स्तरका केही ठूला आयोजना लगानी सम्मेलनमा राख्ने उल्लेख गरे ।

उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङ, सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा, कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साह, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, वन तथा वातावरणमन्त्री नवलकिशोर साह सहभागी थिए ।

# 'सहकारी समस्या समाधान गर्न सरकारले कठोर कदम चाल्छ'




■ सौर्य समाचार

**काठमाडौं ।** कमजोर नियमनको फाइदा उठाउँदै शहर केन्द्रीत केही सहकारीहरुले सदस्यको बचत दुरुपयोग गर्ने क्रम बढ्दै गएपछि सरकारले दोस्रो तहको नियामक गठन गर्ने प्रक्रिया अघि बढाएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यसका लागि सैद्धान्तिक सहमतिका लागि अर्थ र कानून मन्त्रालयमा पठाएको छ । सहमति आएपछि कानून निमार्ण प्रक्रिया अघि बढ्ने छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले सहकारीहरूलाई नियमन गर्न शक्तिशाली नियाकम गठन प्रक्रिया अघि बढाईएको बताएका छन् । सहकारी अनुशासनमा नबस्दा समस्या निम्तिएको मन्त्री अधिकारीको भनाइ छ । 'अनुशासनमा नबस्नु भनेको नै संस्थामा सुशासन कायम नहुनु हो', उनले भने, 'सहकारीमा भएका समस्या समाधान गर्न अब सरकारले कठोर कदम चाल्छ ।'

त्यसैगरी कार्यक्रममा सोही मन्त्रालयका सचिव सचिव गोकर्णमणि ढुवाडीले दोस्रो तहको नियामक गठन गर्न सैद्धान्तिक सहमतिका लागि अर्थ र कानून मन्त्रालयमा पठाईएको जानकारी दिए । 'सहकारीको संख्या बढी भयो । नियामक निकाय पनि कस्तो बनाउने भन्नेमा छलफल आवश्यक छ । ३२ हजार सहकारीलाई दोस्रो तहको नियामकबाट नियमन सम्भव छैन । निश्चित रकम भन्दा माथीको कारोबार गर्ने सहकारीको मात्रै नियमन गर्न सकिने उनले प्रष्ट पारे । एसटीआई आवश्यकता छ भनेर हरेक कार्यदलले निष्कर्ष निकालेको र अब यसलाई कार्यान्वयनमा ल्याईछाड्ने उनको भनाई छ ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक तथा बैंकिङ विज्ञ नरबहादुर थापाले अब बन्ने नियामक निकायमा स्वार्थ बाझिने समूह आवद्ध हुन नहुने स्पष्ट पारे । 'सहकारीको सुपरीवेक्षण गर्नका लागि बन्ने निकायमा स्वार्थ बाझिने निकायका व्यक्ति बस्नु हुँदैन । प्राविधिक ज्ञान भएका विज्ञहरु बोर्डमा बस्नुपर्छ', थापाले भने, 'वित्तीय कारोबार गर्ने संस्थामा कुनै पनि बेला संकट आउन सक्छ । तरलता असहजता हुन सक्छ । त्यसको लागि अन्तिम ऋणदाताको रुपमा दरिलो निकाय आवश्यक छ ।' राष्ट्र बैंक ऐन २०५८ अनुसार केन्द्रीय बैंकले काम गर्ने भएकाले कसैको निर्देशनमा सहकारीलाई नहेर्ने थापाले स्पष्ट पारे । सहकारीमा स्वनियमन भने पनि व्यवहारमा नदेखिएकाले दोस्रो तहको नियामक निकाय आवश्यक रहेको उल्लेख गरे ।

यता, राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष रमेशप्रसाद पोखरेलले सरकारले एसटीआई बनाउने कुरामा समर्थन भएको भए पनि त्यसमा आफूहरूको सहभगिता हुनुपर्नेमा जोड दिए । अभियानको पक्षबाट प्रतिनिधि सहभागी हुनेगरी नियामक निकायको परिकल्पना हुनुपर्ने उनको जोड छ । त्यस्तै, कार्यक्रममा सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेले तीन महिनाको अवधिमा सदस्यको बचत दुरुपयोग गर्ने ६ सहकारीलाई समस्याग्रस्त घोषणा गरेको बताए । सदस्यको बचत सुरक्षा हुनुपर्छ भन्ने मान्यता सरकारको रहेको र ती सहकारीहरुको सम्पत्ति र दायित्वबाट बचतकर्ताको रकम फिर्ता गरिने उनले बताए ।

सहकारीको समस्यामा राज्य गम्भिर भएको र आफू विभागको रजिष्ट्रार भएर आएपछि समस्या समाधानको लागि विभिन्न प्रयासहरु अघि बढाएको घिमिरेले उल्लेख गरे । कार्यक्रममा नेपाल राष्ट्र बैंकका उपनिर्देशक डा. रमेश चौलागाईले दोस्रो तहको नियामक निकायको आवश्यकता र औचित्यका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमा उनले ठूला सहकारीको मात्रै अब बन्ने निकायले हेर्नुपर्ने बताए । सबै सहकारीको अनुगमन उक्त निकायबाट सम्भव नभएको भन्दै उनले सहकारीको वर्गीकरण गर्न आवश्यक रहेको जनाए ।

# दाङमा भास्कर र दशरथको लोभ लाग्दो स्ट्रबेरी खेती

■ सौर्य समाचार



दाङ । लहरै रोपिएका स्ट्रबेरीका बिरुवामा फलेका फल पाकेर लटरम्म भएका छन् । चरा र कीराले नखाओस् भनेर सेतो पातलो कपडाले छोपिएको छ । वाणगङ्गा नगरपालिका कपिलवस्तुमा पाँच वर्ष पहिलेदेखि फूलखेती गरिरहेका भास्कर पङ्गेनी र दशरथ साउदले दाङको घोराही उपमहानगरपालिका-१५ भरतपुरमा १७ कट्ठा जमिन मासिक रु दुई हजार भाडा दिने शर्तमा विगत दुई वर्षदेखि सयपत्री खेती गरे । उनहरुले सोही स्थानमा अहिले स्ट्रबेरी खेती गरे । दाङको हावापानी सुहाउँदो केही खेती गरौं भन्ने साथीहरुसँग सल्लाह गरी स्ट्रबेरी खेती परीक्षणको लागि गरौं कस्तो हुन्छ भनी खेती गरेको पङ्गेनीले बताए । पहिलो प्रयास सफल भएकोमा उनी धेरै खुसी छन। '१०८ डिभाइन एग्रो' नामको फमबाट तिहारको समयमा सयपत्री फूलखेती गरेका उनहरुले सयपत्रीको याम सकिएपछि स्ट्रबेरी खेती गरेको फार्म सञ्चालक दशरथ साउदले बताए ।

उनले भने, 'पहिलो वर्ष खेती गरेका छौं, इजिप्टबाट बिरुवा ल्याएर रोपेकका हौं राम्रो आम्दानी भयो ।' दुई वटा विदेशी जातका आठ हजार बिरुवा रहेको उनले बताए । एउटा बिरुवाबाट एक किलोसम्म फल दिएको उनले बताए । उत्पादन रु पाँच सयप्रति किलोका दरमा बिक्री भइरहेको छ । एक किलो किन्दा एक किलो निःशुल्क दिइरहेको उनले बताए । यो योजना यो हप्ताका लागिमात्र भएको जनाइएको छ । स्थानीयवासीलाई फममा आएर स्ट्रबेरीमा फोटो भिडियो बनाउने सुबिधा पनि रहेको र दैनिक ५० देखि ६० जना स्ट्रबेरी हेर्न, खान र फोटो खिच्न आउने गरेको साउदले बताए । मंसिरमा बिरुवा रोपेको ४० दिनदेखि फल्न सुरु गर्यो ।

अहिलेसम्म डेढ क्विन्टल बिक्री भएको साउदले जानकारी दिए । रु पाँच लाख आम्दानी भइसकेको छ । लमही, तुलसीपुरमा पाँच किलो दैनिक ग्रहाकले नियमित लैजाने गरेको उनले बताए । उनले भने, 'घोराही, बुटवलमा माग अनुसार पठाउने गरेका छौं । दैनिक ५० किलोसम्म बिक्री हुने गरेको छ ।' ग्राहक फममै आउने र आउन नसकेकाको लागि डेलिभरी गरिदिने गरेको उनले बताए ।

# कर्पोरेट

## सिद्धार्थ बैंकको विद्यार्थी लक्षित वित्तीय साक्षरता कार्यक्रम




काठमाडौं । सिद्धार्थ बैंक लिमिटेडले विद्यार्थीहरुलाई वित्तीय शिक्षा प्रदान गरी आर्थिक रुपमा सचेत र सशक्त बनाउने उद्देश्यले २०२४ मार्च १८ देखि २४ गतेसम्म सप्ताहव्यापी रुपमा मनाइएको ग्लोबल मनी वीक २०२४ को अवसर पारी विभिन्न कार्यक्रमहरु सम्पन्न गरेको छ । बैंकले देशका सातै प्रदेशमा विद्यालय एवं क्याम्पस गरी ३४ स्थानहरुमा विद्यार्थी लक्षित वित्तीय साक्षरता कार्यक्रमहरु सञ्चालन गरिएको थियो । बैंकले प्रदान गर्ने सेवा, डिजिटल कारोबार र यसमा अपनाउनुपर्ने सावधानीका विषयमा सचेत गराइ विद्यार्थीहरुमा वित्तिय ज्ञान, सीप, मनोवृत्ति तथा व्यवहारमा सुधार ल्याउने उद्देश्यले सञ्चालन गरिएको सो कार्यक्रममा १, ७६० जना विद्यार्थीहरुको सहभागीता रहेको थियो । साथै, विद्यार्थीहरुलाई बैंकको आधारभूत बैकिङ्ग सञ्चालन र विभिन्न बैंकिङ माध्यमहरु सम्बन्धी व्यवहारिक रुपमा शिक्षा प्रदान गर्ने उद्देश्यले ३२४ जना विद्यार्थीहरुलाई बैंकको विभिन्न शाखामा भ्रमण कार्यक्रम पनि आयोजना गरिएको थियो ।

## नेपाल लाइफ क्यापिटलको वित्तीय साक्षरता कार्यक्रम




काठमाडौं । नेपाल लाइफ क्यापिटलले नेपाल लाइफ इन्स्योरेन्ससँगको समन्वयमा १८ मार्च देखि २४ मार्च सम्म विश्वभर चल्ने 'ग्लोबल मनी विक' को अवसरमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । धितोपत्र बजार, लगानी र जोखिम न्यूनीकरण विषयमा कम्पनीले विभिन्न ५ स्थानमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो । 'उज्वल भविष्यका लागि लगानी' विषयमा सर्वसाधारण माझ वित्तीय साक्षरता प्रदान गर्ने मुख्य उद्देश्यका साथ चैत्र ५ गते नेपालगञ्ज, चैत्र ६ गते कोहलपुर, चैत्र ७ गते धनगढी, चैत्र ८ गते महेन्द्रनगर बजार र कन्चन क्याम्पस गरी उपत्यका बाहिरका ५ स्थानमा गरिएको कार्यक्रमबाट ५०० जना सहभागीहरु लाभान्वित भएको कम्पनीले जनाएको छ । नेपाल लाइफ क्यापिटल नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैकिंङको कार्य अनुमति प्राप्त पब्लिक लिमिटेड कम्पनी हो ।

## सिटिजन्स क्यापिटल र सिद्धि हाइड्रोबीच सम्झौता




काठमाडौं । सिटिजन्स क्यापिटल लिमिटेड र सिद्धि हाइड्रो कम्पनी लिमिटेड बीच साधारण शेयर निष्काशन तथा बिक्री प्रबन्धक नियुक्ति सम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौतामा सिद्धि हाइड्रो कम्पनी लिमिटेडका तर्फबाट प्रबन्ध निर्देशक सन्तोषराज नेपाल तथा सिटिजन्स क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरे । सम्झौता अनुसार सिटिजन्स क्यापिटल लिमिटेडले सिद्धि हाइड्रो कम्पनी लिमिटेडको सार्वजनिक निष्काशको लागि बिक्री प्रबन्धकको कार्य गर्नेछ । सिद्धि हाइड्रो कम्पनी लिमिटेडले निमार्ण गरिरहेको आयोजना 'सिद्धि खोला जलविद्युत आयोजना' इलाम जिल्लामा अवस्थित रहेको छ र सो आयोजना १० मेगावाट बिजुली उत्पादन क्षमताको रहेको छ ।

## ललितपुर ट्रेड एक्स्पोको तयारी पूरा

ललितपुर । मेड इन नेपाल नारा सहित आगामी चैत अन्तिम साता हुने ललितपुर इन्टरनेशनल ट्रेड एक्स्पो २०२४ को तयारी पुरा भएको छ । ललितपुरस्थित जावलाखेल फुटबल ग्राउण्डमा चैत २२ गतेदेखि २६ गतेसम्म आयोजना हुने इन्टरनेशनल ट्रेड एक्स्पोमा मेड इन नेपाल प्याभिलियनमा विशेष आकर्षण रहने आयोजकले ललितपुरमा आयोजित पत्रकार सम्मलेनमार्फत जानकारी गराएको छ । ललितपुर चेम्बर अफ कमर्शको आयोजनामा सञ्चालन हुने इन्टरनेशनल ट्रेड एक्स्पोमा नेपाल, भारत, पाकिस्तान, श्रीलंका बंगलादेश, थाइलैण्ड, टर्की, मलेसिया, दक्षिण कोरियालगायतका देशहरुमा उत्पादित विविध वस्तु तथा सामग्री, मौलिक उत्पादन र सेवा सम्बन्धी सामनहरु इन्टरनेशनल ट्रेड एक्स्पोमा राखिने बताइएको छ ।

## एनआईसी एशियाको सप्ताहव्यापी कार्यक्रम



काठमाडौं । एनआईसी एशिया बैंकले वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यका साथ देशभरका हजारौं विद्यार्थीहरुमाझ सप्ताहव्यापी विभिन्न कार्यक्रम सञ्चालन गरेर यस वर्षको ' ग्लोबल मनी विक २०२४' सम्पन्न गरेको छ । नेपाल राष्ट्र बैंकको राष्ट्रिय संयोजनमा भएको यस वर्षको 'ग्लोबल मनी विक २०२४' का अवसरमा यस बैंकका सातै प्रदेशका सयभन्दा बढी शाखाहरुले विद्यार्थी तथा युवाहरुलाई वित्तीय साक्षरता अभिवृद्धि अभियानमा सहभागी गराउँदै वित्तीय ज्ञान, सीप र मनोवृत्तिको विकास गर्ने उद्देश्यका साथ विभिन्न कार्यक्रम सञ्चालन गरेका छन् । यस अभियानबाट मुलुकभरका ६ हजारभन्दा धेरै विद्यार्थी तथा युवाहरु लाभान्वित भएका छन् भने ३० भन्दा धेरै शाखाहरुले विभिन्न विद्यालयका २५० भन्दा धेरै विद्यार्थीहरुलाई आफ्नो शाखा भ्रमण समेत गराउँदै बैंकिङ प्रणालीका बारेमा जानकारी गराएका थिए ।

## नेपाल इटाली चेम्बरको साधारणसभा सम्पन्न



काठमाडौं । नेपाल इटाली चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री (एनआईसीसीआई) ले यही चैत्र १६ गते काठमाडौंको होटल बाराहीमा आफ्नो १०औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । यस कार्यक्रम इटाली र नेपालबीच बलियो व्यवसायिक सम्बन्ध प्रवर्द्धन गर्ने चेम्बरको प्रयासमा एउटा महत्वपूर्ण कदम मानिएको छ । उक्त कार्यक्रममा सूचना तथा सञ्चार मन्त्री माननीय रेखा शर्मा, नेपाल इटाली चेम्बर अफ कमर्सका अध्यक्षसञ्जय अग्रवाल, नेपाल इटाली चेम्बर अफ कमर्सका मानार्थ सदस्य राजेशकाजी श्रेष्ठ, र इटालीका लागि नेपालका महावाणिज्य दुत प्रतिमा राणा पाण्डेलगायत लगायतलाई सम्मान गरिएको थियो ।

सौर्य खेलकुद

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१



साबिक विजेता डानियल मेदभेदलाई हराउँदै जानिक सिनर मियामी ओपन टेनिसको फाइनलमा प्रवेश गरेका छन् । सेमिफाइनलमा उनी सोझो सेटमा विजयी भएका हुन्

ड्वार्स डोर्स भ्लान्डारेनएक दिवसीय साइक्लिङ रेसको क्रममा दुर्घटनामा परेका बेल्जियमका आउट भान एर्टको कलर बोन भाँचिएको छ



# कलकत्ताको विजय यात्रा जारी



■ एजेन्सी

नयाँ दिल्ली । इन्डियन प्रिमियर लिगमा कलकत्ता नाइट राइडर्सले सानदार प्रदर्शनलाई निरन्तरता दिएको छ । शुक्रवार राति भएको खेलमा कलकत्ताले रोयल च्यालेन्जर्स बैंग्लोर(आरसीबी)लाई ७ विकेटले हराएको हो । १८३ रनको लक्ष्य कलकत्ताले १९ बल बाँकी हुँदै पुरा गरेको हो । कप्तान श्रेयास ऐरले मयंक डगारको बलमा छक्का प्रहार गरे पछि टोलीको योगफल १८६ पुगेको हो । यस अघि पहिलो स्पेलमा उत्कृष्ट बलिङ गरेका डगारले २ ओभरमा १३ रन खर्चिंदै सुनिल नारायणको विकेट लिएका थिए । दोस्रो स्पेलमा भने ५ बलमा १० रन खर्चिए ।

कलकत्ताका वेंकटेस ऐरले ३० बलमा ५० रन जोडे । सुनिल नारायणले २२ बलमा ४७ रनको योगदान दिए भने फिल साल्टले २० बलमा ३० रन जोडे । कप्तान ऐरले नकआउट ३४ बलमा ३९ रन बनाउँदा रिंकु सिंह नकआउट ५ बलमा ५ रनमै समेटिए । आरसीबीका लागि यश दयाल र विजयकुमार विशाकले एक एक विकेट हात पारे । महँगो साबित भएका दयालले ४ ओभरमा ४६ रन खर्चेका हुन् ।

उत्कृष्ट सुरुवात गरेको कलकत्ताले पहिलो पावर प्लेमा नै ८० रनको आँकडा पार गरी सकेको थियो । ८ दशमलव ३ ओभरमा नारायण र साल्टले ८६ रनको साझेदारी गरे । बलिङमा गर्ने क्रममा एक पनि लिएका नारायण खेलको म्यान अफ द म्याच घोषित भए ।

टस हारेर सुरुमा ब्याटिङको निम्तो पाएको आरसीबीले ६ विकेटको क्षतिमा १८२ रन बनाएको हो । आरसीबीका लागि विराट कोहलीले ५९ बल खेल्दै ८३ रनको पारी खेले ।र क्यामरुन ग्रिनले २१ बलको सामना गर्दै ३३ रन जोडे भने ग्लेन मेक्सवेलले १९ बलमा २८ रन बनाउँदा दिनेश कात्तिकले ८ बलमा २० रन बनाए । कप्तान फाप्फ डु पेलेसिस ६ बलको सामना गर्दै ८ रनमै आउट भए ।

राम्रो सुरुवात गरेको आरसीवीको विरुद्धमा आन्द्रे रसेलले उत्कृष्ट बलिङ गरे । उनले ४ ओभरमा २९ रन खर्चेर दुई विकेट लिए । यस आइपिएलका महँगा खेलाडी मिचेल स्टार्क फेरी असफल भए । उनले ४ ओभरमा ४७ रन खर्चे पनि कुनै विकेट लिएनन् ।

आरसीबीको इनिङ्स धरापमा पार्न हर्षित रानाले २ विकेट लिए । जितसँगै २ खेल खेलेको कलकत्ता ४ अंक सहित तालिकाको दोस्रो स्थानमा उक्लिएको छ भने ३ खेल खेलेको आरसीबी २ अंकमा सीमित भएको छ ।

# एक खेल बाँकी रहँदै भ्रमणकारी टोलीलाई शृंखला

■ सौर्य समाचार

काठमाडौं । बिस्फोटक ब्याटिङ सुरुवातका बाबजुद नेपाल ए दोस्रो टी-२० सिरिजमा आयरल्यान्ड ए सँग ४० रनले पराजित भएको छ । योसँगै तीन खेलको सिरिज आयरल्यान्ड ए ले एक खेल अगावै जितेको छ । मध्यक्रम र तल्लोक्रमका ब्याटर चल्न नसक्दा नेपाल पराजित भएको हो । यस अघि शुक्रवार भएको खेलमा आयरल्यान्ड एले नेपाल एलाई २१ रनले हराएको थियो । सोववार यी दुई टोली बिच अन्तिम टी-२० खेल हुने छ भने त्यस पछि तीन खेलको एक दिवसिय श्रृंखला हुने छ ।

शनीवारको खेलमा २२५ रनको विजयी लक्ष्य पछ्याएको नेपाल १७ दशमलव ५ ओभरमा १८४ रनमा अल आउट भएको हो । नेपाललाई ओपनर लोकेश बम र देव खनालले ३ दशमलव १ ओभरमा ४७ रन जोड्दै उत्कृष्ट सुरुवात दिलाएका थिए । लोकेश १३ बलमा ३ चौका र २ छक्कासहित २५ रनमा आउट भए । पहिलो खेलमा लोकेशले १०६ रन बनाएका थिए ।

दोस्रो विकेटका लागि देव र विनोदले ४६ रनको साझेदारी गरेका थिए । एक समय नेपाल ६ दशमलव ५ ओभरमा ९३-१ को अवस्थामा थियो । सातौं ओभरको पहिलो बलमा विनोद प्वाइन्टमा क्याच आउट भएपछि नेपालले लगातार विकेट गुमाएको हो ।

देव खनाल २५ बलमा ७ चौकासहित ४७ रनमा बोल्ड आउट भए । विनोद भण्डारी १३ बलमा १ चौका र ३ छक्कासहित २६ र किरण ठगुन्ना ३ रनमा आउट भए । आरिफ शेख १४, पवन सरार्फ १०, रासिद खान र विपिन खत्री १-१ रनमा आउट भए । कलम सिंह ऐरी ११ रनमा आउट भए । आयरल्यान्डका स्पिनर बेन ह्वाइटले ४ ओभरमा २९ रन खर्चेर ३ विकेट लिए । फिन ह्यान्ड र थोमस मेयसले २-२ विकेट लिए । ग्यारेथ डेलानी म्याथ्यु फस्टर १-१ विकेट लिए । त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको आयरल्यान्ड ए ले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै २२४ रन बनाएको थियो । आयरल्यान्डको जितमा कप्तान निल रक ३४ बलमा १ चौका र ७ छक्कासहित सर्वाधिक ७१ रनमा नट आउटको इनिङ खेलेका थिए ।



पिटर मुरले २६ बलमा ३ चौका र ७ छक्कासहित ६५ रन बनाए । कप्तान निल रक ३४ बलमा १ चौका र ७ छक्कासहित सर्वाधिक ७१ रनमा नट आउट रहे । रस आडैर १७, जेम्श म्याकुलम २६, ग्यारेथ डेलानी १० र फिन ह्यान्ड १९ रन बनाए ।

नेपालका सागर ढकालले ४ ओभरमा ३३ रन खर्चेर ३ विकेट लिए । कमलसिंह ऐरी र पवन सरार्फले १/१ विकेट लिए ।

## विश्व

# युरोप युद्धपूर्वको युगमा प्रवेश गरेको दावी

■ एजेन्सी

वार्स । पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले युरोपमा द्वन्द्वको 'वास्तविक' खतराबारे चेतावनी दिँदै दोस्रो विश्वयुद्धको अन्त्यपछि पहिलो पटक यो महादेश 'युद्धपूर्वको युगमा' प्रवेश गरेको बताएका छन् । 'युद्ध अब विगतको अवधारणा होइन । यो वास्तविकता भएको छ र यो दुई वर्ष पहिले सुरु भएको छ । यस क्षणमा सबैभन्दा चिन्ताजनक कुरा हो र शाब्दिक रूपमा भन्दा युद्धको कुनै न कुनै परि दृश्य सम्भव देखिएको छ । हामीले सन् १९४५ यता यस्तो अवस्था देखेका थिएनौं,' टस्कले शुक्रबार युरोपेली सञ्चार समूह लीनालाई दिएको अन्तर्वार्तामा भने ।

उनले भने, 'मलाई थाहा छ विशेष गरी युवा पुस्ताको लागि यो विनाशकारी सुनिन्छ तर हामीले यस तथ्यमा अभ्यस्त हुनुपर्दछ युद्धपूर्वको परिदृष्यसहित एक नयाँ युग सुरु भएको छ । मैले अवस्थाबारे अतिरञ्जित कुरा गरिरहेको छैनस यो हरेक दिन स्पष्ट हुँदै गइरहेको छ ।'

२ वर्षअघि युक्रेनमा रूसले गरेको आक्रमणले युरोपेली नेताहरूको युद्धपछिको शान्तिको भावनालाई अन्त्य गरेको थियो, यसले गर्दा धेरै देशहरूले किएभ र उनीहरूका आफ्नै सेनाहरू आपूर्ति गर्न हतियार उत्पादनलाई तीव्रता दिन थालेका छन् ।

युरोपेली परिषद्का पूर्वअध्यक्ष टस्कले शुक्रबार भने, 'यदि किएभ पराजित भए युरोपमा कसैले पनि सुरक्षित महसुस गर्ने छैनन् ।' महाद्वीपका लागि चिन्ताको विषय अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको सम्भावित पुनरागमन पनि हो । उनको अमेरिकी सैन्य सहायताको विश्वसनीयतामाथिको प्रश्नले नाटोको भूमिकालाई खुलेआम शंकाका दृष्टिले हेरिएको छ । यदि उहाँ नोभेम्बरमा पुनः निर्वाचित भएमा त्यसपछि बन्ने ट्रम्प प्रशासनले नाटोमा भइरहेको अमेरिकी खर्च घटाउने पहिलेको प्रस्तावलाई पुनः ल्याउनसक्नबारे कतिपय यूरोपेली नेताहरू सशंकित छन् ।

टस्कले अन्तर्वार्तामा भने, 'अमेरिकी राष्ट्रपति जोसुकै किन नहोस्, हाम्रो काम ट्रान्साटलान्टिक सम्बन्धको विकास गर्नु हो ।'

# राष्ट्रपति बोलुआर्टेको घरमा छापा



■ एजेन्सी

लिमा । भ्रष्टाचारको अनुसन्धानका क्रममा पेरुका राष्ट्रपति डिना बोलुआर्टेको घरमा शनिबार अधिकारीहरूले छापा मारेका छन् । एएफपीले प्राप्त गरेको प्रहरी दस्तावेजअनुसार बोलुआर्टेले घोषणा नगरेका रोलेक्स घडीको खोजी गरिरहेको उक्त छापामा करिब ४० जना अधिकारी परिचालित गरिएको छ ।

प्रहरीले घडी 'खोजी र जफत गर्ने उद्देश्यले' छापा मारेको पुष्टि गरेको छ । बोलुआर्टेले विदेशी उत्पादनको विलासी घडी लगाएको बारेमा रिपोर्ट प्रकाशित गरेपछि अधिकारीहरूले यस महिनाको सुरूमा अनुसन्धान सुरु गरेका थिए तर यसलाई सार्वजनिक रूपमा घोषणा गरिएको थिएन । प्रहरी र अभियोजकको कार्यालयबीचको संयुक्त अभियान शनिबारको छापा स्थानीय टेलिभिजन च्यानल ल्याटिनमा प्रसारण गरिएको थियो ।

डिसेम्बर २०२२ मा पूर्व राष्ट्रपति पेड्रो क्यास्टिलोले कङ्ग्रेसलाई भङ्ग गर्न र आदेशको भरमा शासन गर्ने प्रयास गरेपछि बोलुआर्टेले राष्ट्रपतिको जिम्मेवारी पाएका थिए ।

# जुमालाई चुनाव लड्न प्रतिबन्ध

■ एजेन्सी

रियो द जेनरियो । दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति ज्याकोब जुमालाई आगामी मे महिनामा हुने राष्ट्रपतीय निर्वाचनमा उम्मेदवार हुनबाट रोक लगाइएको निर्वाचन आयोगले जनाएको छ । दक्षिण अफ्रिकामा आगामी मे २९ अर्थात् २०८१ जेठ १६ गते राष्ट्रपतिको निर्वाचन हुँदैछ । सन् १९९४ यता पहिलो पटक राष्ट्रपति निर्वाचन सर्वाधिक प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको अल जजिराले जनाएको छ ।

दक्षिण अफ्रिकाको सबैभन्दा ठूलो दल अफ्रिकन नेसनल कङ्ग्रेस (एएनसी) परित्याग गरेका पूर्व राष्ट्रपति जुमाले हालैमात्र नयाँ दल एमखोन्टो विसिज्वे (एमके) पार्टी खोल्नु भएको छ । सन् २०२१ मा अदालतको अवहेलनाको आरोपमा केही समय जेलसजाय भोग्नु भएका जुमाले नयाँ दल खोलेर आफ्नो राजनीतिक यात्रा पुनः प्रारम्भ गर्न चाहेका छन् । दक्षिण अफ्रिकी निर्वाचन आयोगका अध्यक्ष मोसोथो मोप्याले पूर्व राष्ट्रपति जुमालाई निर्वाचनमा भाग लिन नपाउने गरी निर्णय भएको पुष्टि गरे। उनी विरुद्ध एक उजूरी परेको थियो, जसलाई आयोगले स्वीकार गरेको छ, अध्यक्ष मोप्याले भने ।

सन् १९९४ मा सत्तामा आएयता एएनसीले पहिलो पटक ५० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने अनुमान गरिएको छ । अफ्रिकामा राष्ट्रपति निर्वाचित हुन कम्तिमा ५० प्रतिशत मत ल्याउनु पर्दछ । मुलुकको कमजोर आर्थिक अवस्था तथा अत्यधिक भ्रष्टाचारको आरोप खेपिरहेको एएनसीलाई जनमत हासिल गर्न निकै धौधौ परेको बताइन्छ ।

कुनै समय नेल्सन मण्डेलाले नेतृत्व गरेको एएनसीले यदि ५० प्रतिशतभन्दा कम मत प्राप्त गरेको अवस्थामा पार्टीले अन्य दलसँग गठबन्धन गर्नुपर्ने हुन्छ । भ्रष्टाचारको आरोप लागेपछि जुमाको राष्ट्रपतीय कार्यकाल सन् २०१८ मा समाप्त भएको थियो । त्यसबखत जुमालाई हटाएर सिरिल रामाफोसा राष्ट्रपति बन्नु भएको थियो ।

जुमालाई सन् २०२१ मा एक भ्रष्टाचार मुद्दामा अदालतमा उपस्थित हुन भनिए पनि उनी अनुपस्थित भएपछि १५ महिनाको जेल सजाय सुनाइएको थियो । उनलाई जेल सजाय भएपछि उनका समर्थकले देशव्यापी प्रदर्शन, हिंसा र लुटपाट मच्चाएका थिए । उक्त हिंसात्मक घटनामा ३५० जनभन्दा बढीको मृत्यु भएको थियो ।

जुमालाई दुई महिनापछि औषधि उपचारका लागि भन्दै जेलमुक्त गरिएको थियो । तर माथिल्लो अदालतले जुमालाई जेलमुक्त गर्ने निर्णय सही नभएको भन्दै पुनः जेलमै राख्नुपर्ने सजाय सुनाएको थियो ।





अहिले भने निर्वाचन आयोगले संविधानमा भएको एक प्रावधानका आधारमा जुमालाई राष्ट्रपतिमा उम्मेदवार हुनबाट रोकेको छ । आयोगका अनुसार, दक्षिण अफ्रिकाको संविधानमा कुनै पनि व्यक्तिलाई १२ महिनाभन्दा बढी समय जेलमा रहेको भए त्यस्तो व्यक्तिलाई राष्ट्रपति उठ्न नपाउने संवैधानिक व्यवस्था छ ।

पूर्व राष्ट्रपति जुमामाथि उनी सन् १९९० को दशकमा उपराष्ट्रपति हुँदा भएको एक हतियार खरिद सम्झौतामा भ्रष्टाचार गरेको आरोप समेत अदालतमा विचाराधीन छ ।

दक्षिणी मेक्सिकोको ओक्साका राज्यको समुद्र तटमा शुक्रबार डुंगा दुर्घटनामा परेका ८ सन्दिग्ध आप्रवासीको शव फेला परेको अभियोजक कार्यालयले जनाएको छ । पीडितहरू ओक्साकाको तटमा डुंगामा यात्रा गर्दा दुर्घटनामा परेको अभियोजकले एक विज्ञप्तिमार्फत जानकारी गराएका छन् । दुर्घटनामा १ व्यक्ति बाँच्न सफल भएका बताइएको छ ।

प्रारम्भिक जानकारीअनुसार फेला परेका व्यक्तिहरू आप्रवासनको लागि अमेरिकातर्फ जान लागेको हुनसक्ने देखिएको छ । दुर्घटनाका पीडितहरू एसियाली मूलका भएको विश्वास गरिएको छ । सान फ्रान्सिस्को डेल मारको प्लाया भिसेन्टे किनारमा शवहरू फेला परेको र उक्त मार्ग संयुक्त राज्य अमेरिका पुग्न खोज्ने मानिसहरूले बारम्बार प्रयोग गर्ने मार्ग हो ।

हजारौं कागजातविहीन आप्रवासीहरू-प्रायः आफ्नो देशमा हिंसा, अशान्ति र गरिबीबाट भागेर-प्रत्येक वर्ष मेक्सिको हुँदै अमेरिकी सीमामा पुग्ने प्रयास गर्छन् । आधिकारिक तथ्यांक अनुसार गत वर्ष मेक्सिको पार गर्दा पक्राउ परेका अधिकांश आप्रवासीहरू चीन, भारत र उज्बेकिस्तानलगायतका देशबाट आएका पुष्टि भएको थियो ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी